गणतन्त्र दिवस
भव्यरूपमा मनाऔं
लोकतान्त्रिक गणतन्त्रका
उपलब्धिलाई संस्थागत गरौं।
सङ्घ, प्रदेश एवं स्थानीय
सरकारबीच समन्वय र
सहकार्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

जनहितमा जारी सन्देश
- चर्को गर्मीमा रिङ्टा लाग्ने।
- कीरा फट्याङ्ग्राको प्रकोप बढ्ने।
- खाद्यजन्य प्रदूषणको खतरा हुन्छ। जोगिएर बसौं।
- 'लू'को बेला वृद्धवृद्धा नागरिक घरभित्रै बसौं। बिहान र बेलुका मात्र भ्रमण वा अन्य कामले बाहिर निस्कौं।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ ०५ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 18 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५५

## पटेर्वासुगौलीमा १० शय्याको अस्पताल निर्माण

ओमप्रकाश चौधरी, सेढवा, ४ जेठ/

पटेर्वासुगौली गाउँपालिका-४ दाप



सुगौलीमा १० शय्याको सुविधासम्पन्न अस्पतालको निर्माण सम्पन्न भएको छ।

सङ्घीय सरकारको योजनाअनुरूप अस्पताल भवनको निर्माणसम्बन्धी ठेक्का मिलिनियम/सागर जेभीले सात करोड १० लाख रुपैयाँको लागतमा २०७९ जेठ १५ गते सम्झौता गरी दुई वर्षभित्र भवनको निर्माण गरेको हो।

अस्पताल भवनमा बिरामीको चेकजाँच, बिरामी र कुरुवा बस्ने स्थान, प्याथोलोजी, एक्स-रे, औषधि वितरण शाखा तथा सवारीसाधनको पार्किङलगायतको सुविधा रहेको छ।

गापाध्यक्ष दिनेशकुमार चौधरीले लागत अनुसार कार्य सम्पन्न भएको बताए। उनले अस्पतालको सेवा सुचारु गर्नका लागि काउन्टर, दराज, बेड तथा अन्य फर्निचर व्यवस्थापन कार्य भइरहेको बताए।

अस्पतालबाट सेवाप्रवाहका लागि आज एम्बुलेन्सको पनि उद्घाटन गरी सञ्चालनमा ल्याइएको अध्यक्ष चौधरीले बताए।

चालू आव २०८०/८१ मैं अस्पतालको उद्घाटन गरी सेवा सुचारु गर्ने अध्यक्ष चौधरीले बताए। सेवा सुचारुका लागि एमबिबिएस चिकित्सकसहित अन्य जनशक्तिको व्यवस्थापन गरिने अध्यक्ष चौधरीले बताए।

निर्माण कम्पनीका सञ्चालक उमेश क्षेत्रीले अस्पतालको निर्माण कार्य समयमा सम्पन्न भएको तर हस्तान्तरण गर्न बाँकी रहेको बताए। उनले समयमा काम सम्पन्न गरे पनि पालिकाले रु ४० लाख भुक्तानी नगरेको गुनासो गरे।

यसैगरी, ठोरी गापामा पनि १५ शय्याको अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। ठोरी गापा-२ चोक बजारमा १५ शय्याको अढाई तले अस्पताल भवनको निर्माण कार्यको ८५ प्रतिशत काम सम्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत राज कुशवाहाले बताए। अस्पताल भवनमा रङ्गरोगन तथा बिजुलीको वायरिङ गर्न बाँकी रहेको उनले बताए।

सङ्घीय सरकारले अस्पताल निर्माणको रकम निकासा नगरेकोले काममा ढिलाइ भएको अधिकृत कुशवाहाले बताए। ठेकेदार कम्पनीलाई करीब दुई करोड भुक्तानी गर्न बाँकी रहेको र मूल्याङ्कन अनुसार रकम भुक्तानी गर्न पाए एक महीनाभित्रै कार्य सम्पन्न हुने अधिकृत कुशवाहाले जानकारी गराएका छन्।

## एम्बुलेन्स सेवा शुरू



तस्वीरः प्रतीक

प्रस, पोखरिया, ४ जेठ/

पटेर्वासुगौली गाउँपालिकाले आफ्नै एम्बुलेन्स सेवा शुरू गरेको छ। शुक्रवार गापा अध्यक्ष दिनेश चौधरीले पूजापाठ गरी एम्बुलेन्स सेवाको उद्घाटन गरे।

उपाध्यक्ष ममता महतोले गापाका सबै वडामा एम्बुलेन्स सेवा यस अघिदेखि नै उपलब्ध रहे पनि नेपाल सरकारको भन्सार राजस्व छुटमा रु २१ लाखमा नयाँ एम्बुलेन्स खरीद गरेर सञ्चालनमा ल्याएको बताइन्।

वडा नं ४ सुगौलीमा निर्माणाधीन १० शय्याको आधारभूत अस्पताललाई लक्षित गरी गापाले एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको उपाध्यक्ष महतोले बताइन्। उनले आधारभूत अस्पतालको निर्माण सम्पन्न भएको बताइन्।

अध्यक्ष चौधरीले एम्बुलेन्स सेवाका लागि न्यूनतम शुल्क मात्र लिइने र दररेट पालिकाको आगामी बोर्ड बैठकबाट तय गरिने बताए। एम्बुलेन्सको सेवाका लागि चालकको मोबाइल नं ९८५४०७८३३३ र ९८१२२६२३९६ रहेको अध्यक्ष चौधरीले जानकारी दिए।

## ज्येष्ठ नागरिकलाई फलफूल खान चिकित्सकको सुझाव





प्रस, वीरगंज, ४ जेठ/

ज्येष्ठ नागरिक सङ्घ, पर्साको आयोजनामा शुक्रवार स्वास्थ्य परामर्श कार्यक्रम सम्पन्न भएको छ।

प्रत्येक महीनाको पहिलो शुक्रवार स्वास्थ्य परामर्श कार्यक्रम नियमितरूपमा हुँदै आएको सङ्घका सचिव विनयराज गौतमले बताए। आजको स्वास्थ्य परामर्शमा डा शिवकुमार झाले ज्येष्ठ नागरिकहरूलाई नियमित स्वास्थ्य परीक्षण गर्न सुझाव दिए। उनले उमेर हदको कारण ज्येष्ठ नागरिकहरूले नियमितरूपमा स्वास्थ्य परीक्षण गराउनुपर्ने र चिकित्सकको परामर्शमा मात्र औषधिसेवन गर्नुपर्ने सुझाव दिए।

डा झाले केही ज्येष्ठ नागरिकहरूले आफूखुशी औषधिसेवन गरिरहेका सुन्नमा आएको भन्दै त्यस्तो कार्य नगर्न र चिकित्सकको परामर्शमा मात्र औषधिसेवन गर्न सुझाव दिए। उनले ज्येष्ठ नागरिकहरूले पौष्टिक आहार सेवन गर्नुपर्ने र मधुमेह भएका ज्येष्ठ नागरिकहरूले पनि फलफूल नियमितरूपमा सेवन गर्नुपर्ने सल्लाह दिए। उनले मधुमेहका बिरामीहरूले फलफूल खानुहुन्न भन्ने मानसिकता त्याग्नुपर्ने भन्दै यो उमेरमा फलफूल नखाँदा कमजोरी हुन सक्ने बताए।

सङ्घका अध्यक्ष श्यामकुमार पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य एवं मधेस प्रदेशका संयोजक जगदीशप्रसाद शर्मा, शाखा उपाध्यक्ष बैधनाथ कोइरी, सहसचिव रामप्रसाद पडित र सदस्यहरू आशा गौतम, बिन्दु शर्मा, जानकी शर्मा, उदयराज शर्मा, रमेश दत्त, सुरेन्द्रलाल श्रेष्ठ, जीतेन्द्रपुरुष ढकालगायतको सहभागिता थियो।

## वर्तमान सरकार नढल्ने -अध्यक्ष ओली

प्रस, परवानीपुर, ४ जेठ/

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले कुनै पनि हालतमा वर्तमान सरकार नढल्ने दाबी गरेका छन्।

बारा जिल्लाको प्रसौनी गाउँपालिकाको नवनिर्मित भवनको शुक्रवार उद्घाटन गर्दै अध्यक्ष ओलीले नेपाली काङ्ग्रेस सरकार ढाल्ने कसरतमा लागेको तर कुनै पनि अवस्थामा सरकार नढल्ने बताए। उनले वर्तमान सरकार एमाले, माओवादीलगायत दलहरूको समीकरण सरकार मात्र नभएर जनताको सरकार भएको र यसलाई कसैले ढाल्न नसक्ने बताए। उनले नेकाले अहिले संसद् अवरुद्ध गरेर संसदीय समिति बनाउने ढिपी सरकार ढाल्ने खेलतमाशा अन्तर्गत रचित घटना भएको बताए।

उनले नेका आयोग बनाउन होइन सरकार ढाल्न खोजिरहेको छ र उसको इच्छा पूरा नहुने बताए। अध्यक्ष ओलीले अहिलेको राजनीतिक अवस्था राम्रो नभएको टिप्पणी गरे। सरकारले नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ र जेठ १५ गते ल्याउने बजेटमा पुराना योजनाहरूका साथै नयाँ योजनाहरू



तस्वीरः प्रतीक

समावेश गरिने बताए। उनले मधेसको विकासमा एमाले सदैव लागिपरेको दाबी गरे। मधेसमा सिंचाइ, यातायातको क्षेत्रमा नयाँ बजेटमा थप व्यवस्था गरिने उनले जानकारी गराए।

उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले एमाले मधेसमा ठूलो दल भएको र २०८४ मा सातवटै प्रदेशमा वर्चस्व बनाउने बताए। उनले प्रतिनिधिसभामा अहिले दोस्रो नम्बरमा रहेको एमाले २०८४ मा पहिलो नम्बरमा हुने दाबी गरे।

नेकपा (एकीकृत समाजवादी)का सांसद किसान श्रेष्ठले सरकारलाई बारा

(बाँकी अन्तिम पातामा)

## पर्साबाट वैदेशिक रोजगारमा जानेहरूको लर्को

ओमप्रकाश चौधरी, सेढवा, ४ जेठ/

देशमा रोजगार सिर्जना हुन नसक्दा विदेश पलायन हुने युवाहरूको सङ्ख्या बढ्दो छ।

देश आर्थिक मन्दीमा रहेको तथा बेरोजगारीको समस्याका कारण देशको विकासमा जुट्नुपर्ने युवा जनशक्ति विदेशिन बाध्य भएका छन्। पर्सामा अहिले वैदेशिक रोजगारका लागि खाडी मुलुक जान युवाहरूको लर्को लागेको छ।

पर्सामा आर्थिक अवस्था केही सबल रहेका युवाहरू रोजगारका लागि खाडी मुलुक जाने गर्छन् भने कमजोर आर्थिक अवस्थाका युवाहरू दैनिक ज्यालादारीका लागि भारतका विभिन्न शहर जान्छन्। जीराभवानी गाउँपालिका वडा नं २ सेढवाको मुसहर बस्तीका प्रकाश माझी मुसहरका अनुसार सो टोलका घरैपिच्छे रोजगारका लागि भारत गएको बताए। सो बस्तीमा करीब ९० घरधुरी रहेको र हरेक घरबाट कम्तीमा दुईजना भारतका विभिन्न शहरमा मजदूरी गरी परिवारको गुजारा चलाइरहेका उनले बताए। केही घरका सम्पूर्ण सदस्य नै भारत गएका पनि उनले बताए। उनीहरू रोजगारका लागि खासगरी भारत, बिहारको पटना, उत्तर प्रदेशको गोरखपुर र कर्नाटकको बैंगलोरमा मजदूरीका लागि गएका माझलेले बताए। मजदूरीका लागि गएका उनीहरू दीपावली, छठ र महाशिवरात्रिमा जीराभवानीमा लाग्ने मेलाका बेला घर फर्किने गरेका माझीले बताए।



तस्वीरः सौजन्य

ठोरी गाउँपालिका वडा नं ५ का अध्यक्ष अष्ठबहादुर लोप्चनले आफ्नो वडाका घरैपिच्छे कम्तीमा एकजना वैदेशिक रोजगारका लागि खाडी मुलुक गएका बताए। केही घरका दुई/तीन जना नै खाडी मुलुका गएका वडाध्यक्ष लोप्चनले बताए। खाडी मुलुक जानेमध्ये २५ प्रतिशत महिला रहेका उनले बताए। उनले आफ्नो वडाका करीब सयजना विद्यार्थी अध्ययन भिसामा जापान गएका बताए।

पटेर्वासुगौली गाउँपालिका वडा नं १ का अध्यक्ष फरमान मियाँले आफ्नो वडाका अधिकांश युवा विदेश पलायन भएका बताए। उनले अहिले पनि यहाँका युवाहरूबीच रोजगारका लागि विदेश जाने प्रतिस्पर्धा नै चलेको बताए।

जिल्ला प्रशासन कार्यालय, पर्साको तथ्याङ्कले राहदानी बनाउने अधिकांश रोजगारका लागि विदेश जाने युवाहरू रहेका देखिन्छन्। पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सानोबाबू अधिकारीका अनुसार चालू आर्थिक वर्षको वैशाखसम्म छ हजार ७७३ जनाले राहदानी बनाएको बताए। जसमध्ये पाँच हजार ८६३ जना पुरुष र ९१० जना महिला रहेका सप्रजिअ अधिकारीले बताए।

आव २०७८/७९ मा पाँच हजार १७३ जना र आव २०७९/८० मा १० हजार २० जनाले जिल्ला प्रशासन कार्यालय, पर्साबाट राहदानी बनाएका तथ्याङ्कले देखाएको छ।

### विचारसार र सूक्तिहरू

**दिनरात मेहनत गर्नेले नै भाग्यको पाना पल्टाउन सक्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुध्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## पूर्णखोप जिल्ला

**पर्सा जिल्ला करीब छ वर्षपछि पूर्णखोप जिल्ला घोषित भएको छ। पहिले पूर्णखोप वडा त्यसपछि क्रमशः पालिका, जिल्ला र प्रदेश हुँदै मुलुकलाई नै पूर्णखोप घोषणा गर्ने अभियानको लक्ष्य हो । पूर्णखोप भन्नाले राष्ट्रिय खोप तालिकामा समावेश भएका १५ महीना उमेरभित्रमा शिशुले पाउनुपर्ने नौवटा रोगका १३ थरीका सबै खोप बालबालिकाले पूर्णरूपमा लिएपछि पूर्णखोप घोषित हुन्छ । पर्सा जिल्लामा २०७४ सालदेखि यो अभियान शुरू भएर अहिले सबै मापदण्ड पूरा गरिएपछि जेठ ३ गते जिल्ला पूर्णखोप घोषित भएको हो। सामान्य अवस्थामा शिशु जन्मेदेखि १५ महीनासम्म १३ थरीका खोप दिइन्छ। उक्त खोपहरूले बालबालिकालाई विभिन्न नौ किसिमका जटिल रोगबाट बचाउँछन् । जन्मनेबित्तिकै दिइने खोप बिसिजी, यस खोपले क्षयरोगबाट बच्न मदत गर्छ। त्यसैगरी, बच्चा दुईदेखि छ हप्ताभित्र रोटा, एफआइपिभी, डिपिटी, ओरल पोलियो थोपा र पिसिभी भ्याक्सिनको पहिलो मात्र लगाइन्छ । रोटा खोपले रोटाभाइरसबाट हुने झाडापखालाबाट बच्न मदत गर्छ । डिपिटी, हेपा 'बी' खोपले बच्चालाई विभिन्न पाँचवटा रोगबाट बचाउँछ। भ्यागुते रोग, लहरे खोकी, घनुष्टङ्कार, हेपाटाइटिस 'बी' र हेमोफिलिस इन्फ्ल्युएन्जा 'बी'बाट खोपले बालबालिकालाई सुरक्षित राख्छ। त्यसैगरी, झोलको रूपमा मुखबाट दिइने पोलियोको औषधिले पोलियो रोगबाट बचाउँछ भने पिसिभी भ्याक्सिनले निमोनियाबाट बचाउँछ। यसैगरी, जापानिज इन्सेफ्लाइटिस भ्याक्सिन, दादुरा रुबेला खोपको आफ्नै महत्त्व छ। यी सबै खोप समयमा सबै बालबालिकाले पाएको खण्डमा मात्र पूर्णखोप मानिन्छ ।**

**आंशिक खोपले आंशिक रोगहरूबाट मात्रै बचाउँछ । जसले कुनै पनि खोप पाएको छैन, ऊ कुनै पनि बेला रोगग्रस्त बन्न सक्छ । जुन बेला गर्भवती आमा तथा शिशुका लागि खोपको चलन थिएन, त्यस बेला जन्मेका शिशु बाँच्नु भाग्य जस्तै थियो । त्यस बेला शिशु नगुमाएका आमा कमै हुन्थे, बालबालिका नगुमाएको घर विरलै पाइन्थे। खोप आएदेखि बाल मृत्युदरमा न्यूनीकरण भएको छ। नेपालमा अझै पनि पाँच वर्षमुनिका प्रतिहजार जीवित बालबालिकामा ३३ जनाको मृत्यु हुने गरेको तथ्याङ्कले देखाएको छ । दिगो विकासको लक्ष्य अनुसार सन् २०२२ सम्म बालबालिका मृत्यु प्रतिहजारमा २७ पुर्‍याउने लक्ष्य थियो। तर मृत्युदरमा सुधार देखिए पनि लक्ष्य हासिल गर्न सकिएको थिएन ।**

**लक्ष्य हासिल गर्न नसक्नुका केही कारण खोपको लक्ष्य पूरा नहुनु हो । नेपाल सरकारले सन् २०१९ सम्म दादुरा–रुबेला नियन्त्रित मुलुक घोषणा गर्ने लक्ष्य राखेको थियो । अभियान सफल नभएपछि अब सन् २०२६ गरिएको छ । मुलुकमा चार प्रतिशत बालबालिका शून्य खोपको अवस्थामा छन्। उनीहरूले १३ मध्ये कुनै पनि खोप पाएका छैनन्। खोप नपाउनेमा गरीबी, ज्याला मजदूरी, अशिक्षा एवं दूरदराज ग्रामीण क्षेत्रका बालबालिकाहरू छन्। भौगोलिक विकटताले पनि यो समस्या थपेको छ। कतिपय क्षेत्रमा स्वास्थ्यकर्मीको इमानदार प्रयासले पनि सम्भव हुन सकेको छैन। १६ प्रतिशत बालबालिकाले आंशिक खोप मात्रै पाएका छन्। पूर्णखोपका निम्ति औपचारिक प्रचारप्रसारले मात्रै हुँदैन। यसलाई सार्थकता प्रदान गर्न सूचनामा पहुँच बनाउन नसकेकाहरूका लागि कार्यस्थलमा नै सेवा दिने खोप कार्यक्रम सञ्चालन गर्नुपर्ने** [redacted]

# मानव समाजको विकासमा बाधक पितृसत्ता पनि हो

**स्वतन्त्र विचार**




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**कुनै महिला आत्मनिर्भर (पैसा कमाउने) कामदार होइनन् भने उनलाई धेरैभन्दा धेरै घरेलु काम गराइन्छ र यदि कामदार हुन् भने धेरै पैसा कमाउने दबाब र कार्यक्षेत्रमा शोषण गरिन्छ। यहाँ शोषण दुवैथरी महिलामाथि हुन्छ, तरीका मात्रै फरक हुन्छ।**

यतिबेला काठमाडौंका सडकहरूमा उच्च अदालत पाटनद्वारा गौशाला–२६ बलात्कार मुद्दामा पीडक पक्ष सन्दीप लामिछानेले सफाइ पाएपछि निस्केको पञ्चेबाजासहितको जुलुसले चोक–चोकर घरघरमा एउटा बहस चलाएको छ । साँच्चीकै भन्ने हो भने काठमाडौं मात्रै किन, देशैभरि यो बहस गम्भीररूपले चलिरहेको कुरा सामाजिक सञ्जालहरू नियाल्दा सजिलै अनुभूत गर्न सकिन्छ।

यस मुद्दाको चर्चा बढी हुनुको प्रमुख कारण जिल्ला अदालतबाट दोषी ठहर भई सजाय मुकर्रर भइसकेको मुद्दा उच्च अदालतबाट उल्टिनु पनि हो। एउटै कानून अन्तर्गत एउटा तहले दोषी देख्ने अर्कोले निर्दोष देख्दा के बुझ्ने ? तल्लो र माथिल्लो अदालती हैसियतले नै सही र गलत छुट्टिने हो त ? यसको मापदण्ड के ? यो एउटा गम्भीर प्रश्न हो। यदि तल्लो अदालतको फैसला गलत हो भने त्यो अदालतको कार्यक्षमता र निर्णयमाथि प्रश्नचिह्न उठ्ने कि नउठ्ने ? यो पनि आजको छलफलको विषय बन्नुपर्ने हो कि होइन ?

हुनत नेपालको अदालती इतिहासमा यस प्रकारका घटना प्राय घटि नै रहेको हुन्छ। तल्लो अदालतमा जित्ने, माथिल्लो अदालतमा हार्ने। तर ती घटनाहरू आम मानिसको सरोकार हुने, राष्ट्रिय रूपको कुनै सेलिब्रिटी नहुनाले चर्चामा आउँदैनन्। यसर्थ गौशाला–२६ को यो न्याय प्रकरण नयाँ र नौलो फैसला होइन। यस प्रकारको फैसला विगतमा गरिदै आएको पुरानो फैसलाहरूकै निरन्तरता हो। यस प्रसङ्गमा राजनीतिक प्रणालीसँग बाझिएको मुद्दा होस् वा राजनीतिका हाइप्रोफाइलका मुद्दाहरू होस्। मुद्दाहरू प्रायः अभियोगीकै हकमा टुङ्गिएको देखिन्छ । कतिपय अवस्थामा स्वयं अदालतकै नजीर पनि उलटपुलट भइरहेको पाइन्छ। जहाँसम्म फैसलापछि पञ्चेबाजा, खादा, माला र अबीर जात्रा निकाल्ने कुरो छ, यो पनि नौलो कुरा होइन । भ्रष्टाचार मुद्दामा जेल परेका झन्डावालहरू सफाइ पाएर वा कैद भुक्तान गरेर बाहिर निस्कँदा पञ्चेबाजा, खादा मालासहिते अबीरजात्रा विगतमा पनि थुप्रैचोटी नेपालीहरूले काठमाडौं उपत्यकामा देखेकै हुन् ।

जिल्ला अदालत काठमाडौंले बलात्कारको आरोपमा दोषी ठहर भएका क्रिकेटर सन्दीप लामिछानेलाई पुस महीनामा ८ वर्ष कैद सजाय सुनाएको थियो। न्यायाधीश शिशिरराज ढकालको इजलासले उनीबाट पीडितलाई ५ लाख रुपियाँ क्षतिपूर्ति भराउनुपर्ने आदेश पनि गरेको थियो । त्यतिबेला फैसलामा 'परिवर्तित नाम गौशाला २६ (६) (१) ०७९–०८० को उमेर, प्रतिवादी सन्दीप लामिछानेको उमेर, घटना हुँदाको अवस्था प्रतिवादीको सामाजिक हैसियत, पीडितलाई परेको मानसिक असर समेतलाई विचार गर्दा प्रतिवादी सन्दीप लामिछानेलाई मुलुकी अपराध संहिता २०७४ को दफा २१९ (३) (ङ) बमोजिम ८ वर्ष कैद, दफा २१९ (३) (क) (ग) बमोजिम तीन लाख जरिवाना हुने तथा पीडितलाई पुग्न गएको मानसिक असर समेतलाई विचार गरी थप २ लाख रकम क्षतिपूर्तिबापत भराइदिने ठहर भएको थियो ।' तर यतिबेला उच्च अदालत पाटनले लामिछानेलाई जबरजस्ती करणीको मुद्दामा काठमाडौं जिल्ला अदालतले दोषी ठहर गरेको फैसला उल्टाउँदै सफाइ दिएको छ। न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेती ढकालको इजलासले काठमाडौं जिल्ला अदालतले दिएको फैसला उल्टाएको हो। फैसलामा उमेर नपुगेको सरकारी पक्षको दाबी प्रमाणित नहुने र संलग्न सबुतप्रमाणले जबरजस्ती करणी गरेको पुष्टि नगर्ने देखिएको भन्दै अदालतले लामिछानेलाई सफाइ दिएको छ। हुनत पीडित पक्षको लागि अझै पनि सर्वोच्च अदालत जाने ढोका खुला नै छ।

आजको संसारमा एउटा ठूलो समस्याको रूपमा मानव समाजभित्र विभेद निम्त्याउने कारक तत्त्वको रूपमा पितृसत्ता पनि देखिएको छ। वास्तवमा यो पितृसत्ताले गर्दा संसारभरिका महिलाहरू मर्माहत र उपेक्षित भएका छन्। मानवता छुमन्तर हुन पुगेको छ। कहाँ हराएको होला हाम्रो समाजको मानवता ? वास्तवमा यी सबको पछाडि पितृसत्ताको ठूलो हात छ।

मानिस सामाजिक प्राणी हो। समाज परिवार मिलेर बन्छ । परिवार दुई प्रकारको हुन्छ। एकल परिवार र संयुक्त परिवार। एकल परिवारभित्र बाबुआमा र छोराछोरी हुन्छन् भने संयुक्त परिवारभित्र बाजेबज्यै बाबुआमा छोराछोरी, काकाकाकीसमेत हुन्छन्। एकल परिवारको अभ्यास आधुनिक हो भने संयुक्त परिवार निकै लामो समयदेखि चल्दै आएको छ। यी दुवैथरी परिवारभित्र महिलाहरू उपेक्षित, प्रताडित र अधिकारविहीन देखिन्छन् । दुवै परिवारभित्र पुरुषहरूकै हालीमुहाली चलेको देखिन्छ । यसलाई नै पितृसत्ता भनिन्छ। अहिले पनि गाउँघरमा संयुक्त परिवार, थोरै भएपनि, देखिन्छ । तर शहरहरूमा प्रायः एकल परिवार भेटिन्छ। नेपाल भारतमा जहाँ ब्राह्मणवादी कर्मकाण्डमा आधारित धार्मिक समाजको बाहुल्य छ, त्यहाँ सामाजिक बनावट नै महिलाहरूलाई उपेक्षा गर्ने खालको छ। महिलाहरूको स्वतन्त्र अस्तित्वलाई धर्म र धर्मग्रन्थहरूले मान्दैनन् । उनीहरूका अनुसार नारी विवाहपूर्व बुवाको संरक्षणमा र विवाहपश्चात् लोग्नेको संरक्षणमा तथा त्यसपछि सम्पूर्ण बुढेसकाल छोराको संरक्षणमा रहनुपर्छ। यसरी घरपरिवारमा पुरुषहरू उच्च मानिन्छन्। महिलाहरू औपचारिकरूपमा मात्रै घरका सदस्य मानिन्छन् । उनीहरूसँग घरपरिवारको कुनै कुरामा निर्णय लिने वा स्थान दिने गरिंदैन । यति मात्र होइन; प्रजातान्त्रिक, लोकतान्त्रिक भनिने राजनीतिक पार्टीहरू समेत आफ्नो पार्टीभित्र महिलाको स्थान पुरुषको तुलनामा कमजोर बनाएर राख्छन् । मुखले वा पार्टी विधानमा अधिकार दिएजस्तो देखिए पनि व्यवहारमा महिलाहरूको उपस्थिति न्यून देखिन्छ । यस्तो हुनुको मुख्य कारण पितृसत्ता नै हो, पुरुषहरूको दिमागमा हजारौं वर्षदेखि गाडिएर बसेको पितृसत्ताको सर्वोच्चता नै हो । यसले गर्दा प्रत्येक कुरामा पुरुषहरू आफूलाई प्राथमिकतामा राखेर सोच्ने गर्छन्। यसरी परिवारभित्र कसकी पत्नी कसको छोरा, कसकी आमा, कसकी बहिनी यी सबै कुराको छिनोफानो पुरुषको आधारमा गरिन्छ। कतै पनि आमा, दिदीबहिनीको नाउँ भन्ने प्रचलन छैन । समाजमा चलिआएको रूढिवादी परम्परा र अन्धविश्वासले पितृसत्तालाई निकै बलियो बनाउन सहायता गर्छ । साँच्चै भन्ने हो भने पुरुषद्वारा रचिएको धर्म र धार्मिक ग्रन्थहरूमा रूढिवादी कुराहरू, अन्धविश्वासी कथाहरू गढ्नुको एउटा मूल तात्पर्य यो पनि हो कि पितृसत्तालाई बलियो बनाउन सकियोस् र नारीहरूलाई पुरुष अधीनस्थ पारियोस्। हाम्रो समाजमा पितृसत्तालाई सामाजिक ढाँचा र कार्य व्यवस्थाको रूपमा परिभाषित गरिन्छ। जसमा पुरुषहरूको महिलामाथि वर्चस्व रहन्छ र उनीहरू महिलामाथि शोषण र दमन गर्छन् । हुनत आज महिलाहरूलाई पनि अधिकार दिएको, ऊबारे बोलेको, लेखेको जस्तो नगरिने होइन तर वास्तवमा व्यवहारमा पुरुषहरू महिलाहरूभन्दा श्रेष्ठ छन् र महिलामाथि पुरुषको नियन्त्रण छ वा हुनुपर्छ भन्ने जुन वैचारिकी छ त्यो नै पितृसत्ता हो। पितृसत्ताभित्र महिलालाई पुरुषको सम्पत्तिको रूपमा हेरिन्छ, बुझिन्छ वा परिभाषित गरिन्छ ।

पितृसत्ताले एउटा व्यवस्थाको रूपमा कसरी काम गर्दछ भनी बुझ्नको लागि यसको विचारधारा महत्त्वपूर्ण मानिएको छ । पितृसत्ताको मुख्य पक्ष महिलाहरू बीच सहमति सिर्जना गराउनु हो। जसको माध्यमबाट महिलाहरू पितृसत्तालाई कायम राख्न सहयोग गर्छन् । किनकि समाजीकरणाको माध्यमबाट महिला स्वयंले पुरुष वर्चस्व आत्मसात् गर्छन् र उनीहरूलाई सहमति दिन्छन् । महिलाहरूको सहमति धेरै माध्यमबाट प्राप्त हुन्छ। जस्तैः उत्पादनका संसाधनमा उनीहरूको पहुँचको अभाव र परिवारको मुख्य व्यक्ति (बुवा, लोग्ने, दाइभाइ) माथि आर्थिक निर्भरता । यसरी विभिन्न माध्यमबाट महिलाहरूलाई पितृसत्तामा सहमति प्राप्त गर्नको लागि साधन बनाइन्छ । यसको आधारमा यो बुझ्न जरूरी छ कि पितृसत्ता एक वैचारिक प्रणाली मात्र हैन, यसको भौतिक आधार पनि छ । पितृसत्तामा महिलाहरू शक्ति र वर्चस्वको साधनबाट वञ्चित छन् । उनीहरूको सहमति सहज प्राप्त हुन्छ ।

अर्कोतर्फ महिलाहरू, जो पितृसत्ताको कानून र प्रथाहरूलाई सहयोग वा सहमति दिंदैनन्, उनीहरूलाई नराम्रो मानिन्छ र उनीहरूलाई पुरुषहरूको सम्पत्ति र सुविधाबाट वञ्चित गरिन्छ। पितृसत्ताको काम गर्ने यो प्रणालीले महिलाहरूलाई दुई अलग शिविरमा विभाजित गर्दछ। उनीहरूबीच कहिल्यै समाप्त नहुने सम्बन्धमा विभाजित गरेर प्रतिस्पर्धाको खेल शुरू हुन्छ। भारतीय र नेपालीको समाजलाई पितृसत्ताको व्यवस्था अन्तर्गत ब्राह्मणवादी पितृसत्तात्मक समाजभन्दा फरक पर्दैन किनकि यहाँको समाज जात व्यवस्थामा आधारित छ। पितृसत्तात्मक व्यवस्थाको मुख्य विशेषता नै समाजका हरेक सदस्यलाई बराबर नमानेर उच्च वा तल्लो भनेर छुट्याउनु हो । यसको आधारमा 'पितृसत्तात्मक व्यवस्था सधैं लोकतान्त्रिक मूल्य र मान्यताविपरीत रहेको छ' भन्न सकिन्छ । पितृसत्ता रहुन्जेल जात, लिङ्ग, वर्ण, वर्ग, धर्म जस्ता विभेदहरू कायम रहन्छन् ।

पितृसत्तात्मक समाजमा महिलाहरूको स्वतन्त्रता र सुविधा कटौती भइरहन्छ। महिलाहरूलाई घरको काम, हेरचाह धेरैभन्दा धेरै गर्नुपर्छ अर्कोतर्फ घरेलु काममा उनीहरूको सम्मान कम छ । आर्थिक शोषणका साथसाथै उनीहरूलाई सामाजिक, सांस्कृतिक दमन र उत्पीडनको शिकार हुनुपर्छ। पितृसत्ताको रूप महिला अनुसार फरक हुन्छ । महिलाहरू जुनसुकै जात र वर्गको भए पनि उनीहरू पितृसत्ताबाट समानरूपले पीडित छन् । कुनै महिला आत्मनिर्भर (पैसा कमाउने) कामदार होइनन् भने उनलाई धेरैभन्दा धेरै घरेलु काम गराइन्छ र यदि कामदार हुन् भने धेरै पैसा कमाउने दबाब र कार्यक्षेत्रमा शोषण गरिन्छ। यहाँ शोषण दुवैथरी महिलामाथि हुन्छ, तरीका मात्रै फरक हुन्छ। आफूलाई समाजको सबैभन्दा माथिल्लो तहमा रहेको ठान्ने ब्राह्मणहरू वा धनाढ्य वर्गभित्रका महिलाहरूसमेत समानरूपमा पितृसत्ताबाट पीडित रहेका देखिन्छन्।

यसरी हामी के देख्छौं भने हाम्रो समाजको विकासमा मूल बाधक पितृसत्ता हो । पितृसत्ताले नै आफूलाई बलियो बनाउन धर्म, अन्धविश्वास, रूढिवाद जस्ता चीजहरूलाई संरक्षण गर्दै आएको छ । समाजभित्र जातपातको व्यवस्था गरेको छ। समाजमा सानो–ठूलो र छूत–अछूतजस्तो सामाजिक व्यवस्था कायम गरेको छ। जबसम्म पितृसत्ता वा जात व्यवस्था भत्काइँदैन तबसम्म कुनै पनि प्रकारको क्रान्ति पूरा हुन सक्दैन भन्ने कुरा सबैले बुझ्न जरूरी छ।

# 'उच्च रक्तचाप नियन्त्रणमा राख्न सके दीर्घकालीन असरबाट बच्न सकिन्छ'

चितवन, ४ जेठ/रासस

उच्च रक्तचापलाई नियन्त्रणमा राख्न सके यसबाट हुने दीर्घकालीन असरबाट बच्न सकिने चिकित्सकहरूले बताएका छन्। यो रोग नभएर रोगको कारक भएको भन्दै रक्तचापलाई नियन्त्रणमा राखेर सहज जीवनयापन गर्न सकिने बताएका हुन्। उच्च रक्तचापले शरीरका विभिन्न महत्त्वपूर्ण अङ्गमा असर पुर्‍याउने भएकोले नियमित परीक्षण गर्न चिकित्सकले सुझाव दिएका छन्।

चितवन मेडिकल कलेज शिक्षण अस्पतालका मुटुरोग विशेषज्ञ प्राडा श्यामराज रेग्मीले उच्च रक्तचाप नियन्त्रण गर्न सकेमा दीर्घकालीन असरबाट बच्न सकिने बताए । उच्च रक्तचापलाई हल्कारूपमा नलिन सुझाव दिंदै उनले नियमित परीक्षण गर्न आम नागरिकमा सचेतना अभिवृद्धि गर्नुपर्नेमा जोड दिए ।

डा रेग्मीले भने, "उच्च रक्तचाप नियन्त्रणमा लिन सकिएन भने मिर्गौला, मुटु, मस्तिष्क, आँखालगायत अङ्गहरूमा असर गर्छ।" वंशाणुगत र मोटोपनबाट उच्च रक्तचाप हुने भन्दै उनले चिकित्सकले सुझाए अनुसार नियमित औषधिसेवनबाट नियन्त्रणमा राख्न सकिने बताए।

"उच्च रक्तचाप भएका व्यक्तिले मुख्यरूपमा नूनको सेवनमा विशेष ध्यान दिनुपर्छ। सकेसम्म नून कम खानु उपयुक्त विकल्प हो," डा रेग्मीले भने । उच्च रक्तचापले मस्तिष्कघातसम्म हुन सक्ने भन्दै आँखामा असर गरे अन्धो, मुटुमा असर गरे हृदयाघात र मिर्गौला खराब गराउन सक्ने उनको भनाइ छ। मिर्गौला बिग्रँदा पनि उच्च रक्तचापको जोखिम रहने उनले जानकारी दिए।

चितवन मुटु अस्पतालका मुटुरोग विशेषज्ञ डा शङ्कर लौडारीले उच्च रक्तचाप आफू रोग नभएर रोगको कारक भएको बताए । उनले उच्च रक्तचाप समयमा नियन्त्रण गर्न नसकेको खण्डमा कालान्तरमा शरीरका विभिन्न अङ्गहरूलाई असर पार्ने बताए।

"मधुमेहलाई रोग पनि मान्छौं, कारक पनि मान्छौं। उच्च रक्तचाप आफैं रोग होइन, रोगको कारक मानिन्छ," डा लौडारीले भने, "यसले मुटुमा असर पार्ने, हृदयाघात र हर्टफेलियर पनि गराउन

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# वाटिका

२०८१ जेठ ०५ गते शनिवार प्रतीक 2024 May 18 Saturday



## भगवान् बुद्धले राहुललाई दिएको अन्तिम उपदेश


स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com


भगवान् बुद्धले राहुललाई शिष्य बनाइसकेका थिए। भगवान् बुद्धको भिक्षु सङ्घ निकै विस्तार भइसकेको थियो। त्यत्ति बेलासम्म बुद्धलाई सबैले भगवान् मानिसकेका थिए। बुद्धलाई विरोध गर्नेहरू पनि नभएका होइनन्, बुद्धको भिक्षु सङ्घमा प्रवेश गरेर टुक्राटुक्रा पार्ने तथा सङ्घलाई नै कमजोर बनाउने खेल पनि भएको थियो। तर भगवान् बुद्ध निस्स्वार्थ थिए। सिङ्गो राज्यको राजा हुने पदलाई त्याग गरेर वनमा कैयौं वर्षसम्म तपस्या गरेका सिद्धार्थ गौतमबाट जब बुद्ध बनेका थिए, तब उनमा लोभ, मोह र ईर्ष्या तथा द्वेष हराइसकेको थियो। कल्याणको भावना र मानवकल्याणको लागि शान्तिको मार्ग अपनाइसकेका थिए। बुद्धका लागि आफन्त भनेका केवल भिक्षुहरू थिए तर सबैभन्दा नजीक चाहिं केही उपदेशहरू दिए। हुनत तथागतको सम्भाषण तथा कुराकानी मुख्यतः उपदेश नै हुने गर्थ्यो। सिद्धार्थ अब बुझ्ने भइसकेका थिए। बुझ्ने भइसकेकाले नै तथागतलाई आफूतिर आउन लागेको देखेर उचित सम्मानपूर्वक व्यवस्थापन गर्न सकेका थिए। भगवान् बुद्धको वाणी राहुलको निम्ति थियो, "म भन्छु, जानाजानी झूटो



आनन्द थिए। भगवान् बुद्ध हरेक दिन केवल एक छाक खाना खान्थे। एक वस्त्र लाउँथे। केवल एक घरमा भिक्षा माग्थे। यसरी सन्तोषमा परम आनन्दको अनुभूति गर्ने बुद्धमा कुनै बाह्य कुराप्रति खासै अनुराग थिएन। यसैले बुद्धलाई महान् त्यागी पनि भनिन्छ।

भगवान् बुद्ध सबैलाई समानरूपमा हेर्थे। आनन्दबाहेक कसैसित धेरै समय बसेनन्। जहाँ गए पनि आनन्दलाई सँगै लिएर जान्थे। झन्डै सबै उपदेशमा आनन्द सँगसँगै हुन्थे। एक दिनको कुरो हो। भगवान् बुद्ध राजगृह (हालको बिहारको प्रसिद्ध राजगीर तीर्थस्थल) बेलुवनमा थिए। दिउँसोको समाधिबाट उठेर भगवान् बुद्ध डुल्न थाले। डुल्दै राहुल भएको ठाउँतिर पुगे। राहुलले देखे– भगवान् बुद्ध आफूतिर आइरहेका छन्। उनले भगवान् बुद्धको निम्ति आसन बिछ्याए। अलिकति पानी पनि राखिदिए। सम्भवतः हातगोडा धुनको लागि पानी राखिएको हुनुपर्छ। भगवान् बुद्ध आएर निर्धारित आसनमा बसे। आसनमा बसेर नै हातगोडा धुन सकिने अवस्था वा व्यवस्था थियो। राहुलले विनम्रतापूर्वक अभिवादन गरे। राहुलको मन प्रसन्न थियो। राहुलले एकातिरको स्थान ग्रहण गरे।

राहुललाई सम्बोधन गर्दै तथागदले बोल्ने, लाज मान्ने मानिसले कुनै पनि पापकर्म गर्न सक्छ, यस कारण राहुल, हामीले ख्यालठट्टा गर्दा पनि झूटो नबोल्ने कुरा सिक्नुपर्छ। यस कारण कुनै पनि काम गर्न लाग्दा पहिले त्यसबारेमा सोच, कुनै पनि शब्द मुखबाट निकाल्न लाग्दा पहिले त्यसबारेमा सोच र कुनै पनि कुरा मनमा खेल्न लाग्दा पहिले त्यसबारेमा सोच। कुनै पनि काम गर्नुभन्दा पहिले, त्यसबारेमा विचार गर कतै त्यो कुरा तिम्रो र अर्काको निमित्त वा दुवैको निमित्त हानिकारक त छैन, किनभने दुष्ट कर्म कष्टदायी हुन्छ। यदि तिम्रो विचारले यो काम यस्तै नै हो भनी भन्छ भने त्यसबाट परै बस्ने गर। तर विचार गर्दा यो काम हानिकारक नभई लाभदायक नै छ भन्ने लाग्छ भने त्यस्तो काम गर्नेहुन्छ।

मैत्रीको अभ्यास गर। मैत्री भावनाको अभ्यासबाट द्वेषको शमन हुन जान्छ। करुणाको अभ्यास गर। उपेक्षा भावनाको अभ्यास गर्नाले चञ्चलताको शमन हुन जान्छ। शरीरको अशुभ रूपको चिन्तन गर किनभने यस्तो गर्नाले काम–रागको शमन हुन जान्छ। सबै चीजको अनित्यताको भावना राख्ने गर किनभने यस्तो गर्नाले अहङ्कारको शमन हुन जान्छ।"

भगवान् बुद्धको यस्तो वचन सुनिसकेपछि राहुलले अन्तःकरणदेखि खुशी भएर तथागतलाई प्रसन्नतापूर्वक अभिनन्दन गरे।

तथागत बुद्धले राहुललाई दिएको उपदेशको शताब्दीयौंपछि आज मूल्याङ्कन गर्ने हो भने पनि केही कुरामा अलिकति संयम गर्न असजिलो होला वा अझै पनि आफ्ना बालबालिकालाई बुद्धको उपदेश सुनाउन एक/दुई कुराबाहेक सबै सर्वथा उचित नै हुन्छ। वर्तमान समयमा पनि अधिकांश उत्तिकै काम लाग्ने किसिमका रहेका छन्।

भगवान् बुद्धले सबै वर्ग, उमेर र पेशा तथा समूहका लागि उपदेश दिए। आफ्नो जीवन, वर्तमानको आधारमा मूल्याङ्कन गर्नुपर्दा तथागतले अनुसन्धानमा बिताए। शान्तिको खोजी बुद्धको मूल मर्म थियो। हरेक मनमा कसरी शान्ति पुग्न सक्ला, हरेक समाजमा शान्ति कायम कसरी रहला, हरेक देशमा शान्ति कसरी सम्भव रहला ? हत्या, युद्ध र तनाव कसरी नहोला ? यस्ता कुराहरूको जवाफको खोजी गर्ने हो भने भगवान् बुद्धको बारेमा अध्ययन गर्न सकिन्छ। तत्कालीन परिवेशमा भगवान् बुद्धले यी र यस्ता विषयमा गरेका अनुसन्धान, दिएका उपदेश तथा देखाएका व्यवहार निकै प्रेरणादायी छन्। एउटा सानो उदाहरण हेरौं।

एक समय दुई राज्यबीच पानीको विषयलाई झगडा भइरहेको थियो। भगवान् बुद्धले युद्धको अवस्थामा पुगेका दुवै पक्षलाई बोलाएर प्रश्न गरे– खोलाको पानी र मानिसको रगतमा कुन मूल्यवान् छ ?

दुवैले सहज जवाफ दिए– मानिसको रगतको तुलना खोलाको पानीसित गर्न सकिंदैन।

अनि पानीको लागि युद्ध गरेर रगत बगाउनु उचित हो त ? जसको रगत बग्छ, पानी उनैलाई चाहिन्छ।

भगवान् बुद्धको भावार्थ दुवैले राम्ररी बुझे। अनि पानीको बाँडफाँटको जिम्मा दुवैले दुवैलाई दिन चाहे। अर्थात् आफ्ना नागरिकको रगत अर्को राज्यका नागरिकको रगतभन्दा अझ बढी मूल्यवान् छ भन्ने कुरा स्वीकार गरे। यसमा दया र त्यागको भावना पनि देखिन्छ। आखिरमा युद्ध रोकियो। पानीको लागि रगत बगाउने काम भएन। पानीले दुवै राज्यमा सिंचाइ भयो, दुवैले आधाआधा लिए, खोलामा गर्नुपर्ने काममा दुवै राज्य मिलेर अर्थात् दुवै राज्यका नागरिक भाइचारा सम्बन्ध बनाएर काम गरे। सन्तोष र परस्पर सहयोगको मूल्य वा महत्त्व निकै धेरै हुन्छ।

भगवान् बुद्धले राहुललाई, राहुल शिष्य बनिसकेपछि, धेरैपटक उपदेश दिएका थिए। कतिपय उपदेश समूहमा र कतिपय यस्तै समय र सन्दर्भमा। राहुललाई दिएका उपदेशहरू बालबालिकालाई दिइने उपदेश जस्तो लाग्न सक्छ, चरित्र निर्माणका लागि निकै महत्त्वपूर्ण छन्, तर सबैलाई काम लाग्ने किसिमका छन्। हामीले पनि, भगवान् बुद्धले राहुललाई राजगृहमा दिएको उपदेशलाई मनन गर्न सक्छौं।

एकैपटकमा धेरै केरा खाँदा स्वास्थ्यलाई हानि पुग्न सक्छ। केरामा पोटाशियमको मात्रा अत्यधिक हुन्छ। आवश्यकताभन्दा बढी पोटाशियमले स्वास्थ्यलाई हानि गर्छ। पोटाशियम शरीरका हरेक कोशिकामा उपलब्ध हुन्छ। किनकि यो जीवनको लागि एकदमै महत्त्वपूर्ण हुन्छ। व्यक्तिलाई दिनभरिमा ३५ सय मिलिग्राम पोटाशियम आवश्यक हुन्छ। एउटा केरामा लगभग ४५० मिलिग्राम पोटाशियम हुन्छ। अर्थात् एक व्यक्तिले दिनभरिमा सातवटासम्म केरा खाँदा हुन्छ।

### जीवन

सुमधुर सम्झनामा पनि तर्कनाले सताइरहन्छ।
विश्वासको आकाशमा शङ्काको बादल छाइरहन्छ।
भरोसाको आकाशलाई निराशाले ढाकिरहन्छ।
गुलाबको फूललाई हेर ! काँडाबीच हाँसिरहन्छ।

– हरिकृष्ण बराल, वीरगंज-१२, मुर्ली बगैंचा

## मधेसी लोकजीवनको चर्चायोग्य संसाधन


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


इतिहासको पाना पल्टाउने हो भने मधेसी लोकजीवनमा अनेक उपयोगी संसाधनहरू प्रयोग हुने गरेको पाइन्छ। ती संसाधनहरूमध्ये गम्छा, लाठी, टर्च र छाताको इतिहास रोचक छ। सामान्य लाग्ने यी संसाधनहरूको महत्त्व अवर्णीय मात्र हैन, अद्भुत पनि छ। उहिलेका प्रसङ्ग अहिलेका पुस्तालाई अनौठो लाग्न सक्छ भने पुरनियाहरूको मानसपटलमा स्पर्श गर्न सक्छ। त्यति बेला मानिसहरू घरबाट प्रस्थान गर्दा सुरक्षाकवच साथमा लिएर हिंड्थे। किनभने कतिबेला कुन संसाधनको आवश्यकता आइपर्छ, यसबारे उनीहरू जागरूक थिए।

गम्छा, लाठी, टर्च र छाताको संक्षिप्त इतिहास जानौं।

**गम्छा :** मधेसी लोकजीवनको आधारभूत संसाधनहरूमध्ये एक थियो,



गम्छा। शरीरको शोभा बढाउने परिधानको रूपमा प्रयोग हुने गम्छा अनेक कार्यमा उपयोगी थियो। नुहाइसकेपछि गम्छाले शरीर पुछ्ने, कपडा फेर्ने, बिछ्याएर आराम गर्ने, योग गर्ने, शरीरमा परेको धूलो सफा गर्ने, घाममा हिंड्दा शिरमा मुरेठा/पगरी बाँध्ने वा ओढ्ने, खाना खाइसकेपछि भिजेको हात तथा गर्मीयाममा पसिना पुछ्ने संसाधन थियो। यस कारण घरबाट निस्किंदा उक्त परिधान घाँटीमा झुन्ड्याउने वा काँधमा राख्ने चलन थियो।

अहिले पनि पुरनियाहरूको काँधमा गम्छा हेर्न सकिन्छ। त्यसैगरी, वर्तमान अवस्थाको कुरा गर्ने हो भने गम्छाको मर्यादा राजनीतिक क्षेत्रमा अनुभूत गर्न सकिन्छ। अर्को सुखद पक्ष भनेको साउन महीनामा गम्छाको महत्त्वबारे ज्ञात हुन्छ। किनभने लामो दूरीको यात्रामा कम्मरमा गम्छा बेरेर हिंड्नुभन्दा आरामदायक अरू कुनै परिधान हुन सक्दैन। बोलबमको यात्राको क्रममा शरीर भिंजेको खण्डमा पुछ्ने, नुहाएर कपडा फेर्ने, कम्मरमा बेरेर हिंड्ने र बिछ्याएर आराम गर्ने संसाधनको रूपमा गम्छाको प्रयोग गरेको देख्न सकिन्छ। त्यसैगरी, हिंड्दा, पानीमा भिज्दा र गर्मीयाममा पसिनाले आन्तरिक अङ्गको वरिपरि काछ (छालाजन्य रोग) लाग्छ। उक्त अवस्थामा सुखानुभूति प्रदान गर्ने परिधान भनेकै गम्छा हो।

**लाठी :** उहिले मधेसी लोकजीवनामा लाठी अपरिहार्य र अनिवार्य संसाधन



मानिन्थ्यो। एक ठाउँबाट अर्को ठाउँको यात्रा अपवादबाहेक पैदल गरिन्थ्यो। घरबाट निस्किंदा लाठी नभई नहुने संसाधन थियो। लाठीको प्रयोग कहाँ र कसरी प्रयोग गर्नेबारे पुरनियाहरू विज्ञ थिए। लाठी बनाउने बाँस भिन्दै हुन्थ्यो। लाठीलाई बलियो र टिकाउ बनाउनको लागि शुद्ध तोरीको तेल लगाएर प्रतिदिन चुलोमाथि झुन्ड्याइन्थ्यो। चुलोबाट निस्किने धूवाँले लाठी बलियो र चम्किलो हुन्थ्यो। लाठी लोकजीवनको सुरक्षाकवच थियो।

यात्राको क्रममा कुकुर, स्याल, सर्प आदि अनेकौं प्रकारका जीवजन्तुहरूको आक्रमणबाट बचाउने संसाधन थियो, लाठी। सम्भावित बाधाबाट मुक्ति दिलाउने संसाधन लाठीको महत्त्व वर्णन गरेर साध्य छैन। एक गाउँबाट अर्को गाउँमा जाँदा, बाटोमा वा गाउँमा पस्दा सबैभन्दा बढी कुकुरहरूको डर हुन्थ्यो। साथमा लाठी भएपछि कुकुरहरूको आक्रमणको डर हुन्थेन। हावामा लाठी लहराएपछि कुकुरहरू अन्तर्ध्यान हुन्थे। हातमा लाठी भएपछि कोरोनाकालझैं कुकुरहरू आवश्यक दूरी कायम राखी भुक्छन् वा भाग्छन्।

पैदल यात्राको क्रममा नदी–खोला तर्नुपर्ने परिस्थिति आउँथ्यो। त्यस बेला खोलाको गहिराइ र पानीको अवस्था मापन गर्ने उपयुक्त संसाधन थियो, लाठी। लाठीको मदतले पानीको अवस्था मापन गरेपछि खोला तर्ने वा नतर्नेबारे निर्णय लिन सजिलो हुन्थ्यो।

कामविशेषले शहर वा गाउँदेखि टाढाको यात्रा पैदल तय गर्नुपर्थ्यो। घर फर्किंदा प्रायःजसो अबेला र रात पर्थ्यो। त्यतिन्जेल बाटोमा लुटपाटको सम्भावना अत्यधिक थियो। त्यस कारण चोर/डाँकाहरूको प्रतिकार गर्ने संसाधन थियो, लाठी। त्यस बेला युवाहरू कुश्तीसँगै अग्रजहरूबाट लाठी चलाउने (स्थानीय भाषामा लाठी भजाउने) सीप सिक्थे। मनोरञ्जनको रूपमा मेलामा लाठी भजाउने सीप प्रस्तुत गरिन्थ्यो। खासगरी करबोलाको मेलामा बजिरहेको तासा (स्थानीय वाद्ययन्त्र)को अगाडि लाठी भजाउने कला प्रस्तुत गरिन्थ्यो।

**टर्च:** जीवनोपयोगी आधारभूत संसाधनहरूमध्ये टर्च पनि एक थियो। रातिको समय अँध्यारोमा टर्च नभई नहुने



संसाधन थियो। रातिको समय शौच जान टर्च आवश्यक थियो। त्यति बेला विद्युत् सबै ठाउँमा पुगिसकेको थिएन र शौचालय घरदेखि केही दूरीमा हुन्थ्यो। शौच जाँदा सर्प वा कीराफटयाङ्ग्राहरूको सम्भावित जोखिमबाट बच्ने संसाधन टर्च नै थियो। त्यसैगरी, रातिको समयमा कुनै प्रकारको आपदा वा घटनाको बेला तुरुन्त उज्यालो उपलब्ध हुने संसाधन थियो, टर्च। भोजपुरीमा एक लोकोक्ति नै छ, 'चोर सही अँजोर।' चोरीको घटना हुँदा चोरलाई खोज्ने उपक्रम थियो, टर्च। भागिरहेको चोरहरूलाई गाउँलेहरूले लखेटिरहेको अवस्थामा चोरको शरीरमा टर्चको प्रकाश पर्ने बित्तिकै उनीहरूको वेग हेर्नलायक हुन्थ्यो।

टर्च दुई, तीन र पाँच ब्याट्रीको पाइन्थ्यो। आवश्यकता अनुसार मानिसहरूले खरीद गर्थे। प्रयोग गरे अनुसार ब्याट्रीको खपत हुन्थ्यो। टर्चको ब्याट्री खरीद गर्नु त्यति बेला चानचुने कुरो थिएन। कतिपय मानिसहरूले ब्याट्री नगलेसम्म प्रयोग गर्थे। पाँच ब्याट्रीको टर्च हुने व्यक्तिहरूलाई हेर्ने सामाजिक दृष्टिकोण भिन्दै थियो। किनभने पाँच ब्याट्रीको टर्च खरीद गर्नु आम



मानिसको हैसियतभन्दा बाहिर पर्थ्यो।

**छाता :** घाम होस् वा वर्षा, छाता नभई नहुने संसाधन हो। छाताको इतिहास झन्डै चार हजार वर्ष पुरानो छ। अझ चाखलाग्दो कुरा त के हो भने कुनै समय छाता महिलाहरूले मात्र प्रयोग गर्ने संसाधन उनीहरूको फेशनको हिस्सा थियो। त्यति बेला इजिप्ट, ग्रीस, चीनमा मानिसहरू घामबाट बच्नको लागि छाताको प्रयोग गर्थे।

युरोपमा छाता भित्र्याउने श्रेय युनानीहरूलाई जान्छ। यद्यपि पानीबाट बच्नको लागि प्रथमतः छाताको प्रयोग रोम निवासीहरूले गरेको इतिहास छ।



मध्य युगीनमा युरोपमा छाताको प्रयोग बन्द भइसकेको थियो। तर १६औं शताब्दीको अन्त्यतिर इटालीमा पुनः प्रयोग हुन थालेको इतिहास छ। त्यस बेला छाता राजा र सम्भ्रान्त वर्गको सम्मान र शासनको प्रतीक मानिन्थ्यो।

१७औं शताब्दीमा छाताको प्रयोग फ्रान्समा सीमित थियो भने १८औं शताब्दीमा युरोपभरि फैलियो। छातालाई आम मानिसमाझ प्रख्यात बनाउने श्रेय जोनास हेनवे नामका व्यापारीलाई जान्छ। उनी सम्पन्न तथा धनाढ्य व्यापारी थिए। सन् १७५० को समयमा वर्षात् होस् वा घाम उनी छाता लिएर बेलायतका सडक र गल्लीहरूमा घुम्थे। यो देखेर मानिसहरूले ठट्टा गर्थे। तर बिस्तारै मानिसहरूले छाताको महत्त्व बुझ्न थाले।

अब कुरा गरौं मधेसी लोकजीवनको। घामपानीबाट बच्नको लागि स्थानीय स्रोत साधनले निर्माण गरिएको संसाधनलाई 'छतरी' भनिन्थ्यो। बाँसको बाती र जङ्गली पातले बनेको गोलाकार छतरी घामपानीबाट बच्ने उपयुक्त संसाधन थियो। बिस्तारै चेरापुञ्जी ब्रान्डको छाता बजारमा उपलब्ध हुन थाल्यो। चेरापुञ्जी भारतको मेघालय राज्यमा अवस्थित पहाडी एक गाउँ हो। यो विश्वको सर्वाधिक वर्षा हुने क्षेत्र हो। यसै स्थानको नामबाट भारतमा छाताको उत्पादन शुरू भएको मान्यता छ। त्यस बेला चेरापुञ्जी ब्रान्डको छाता भारतसँगै नेपाली बजारमा प्रसिद्ध थियो। यद्यपि छाता खरीद गर्नु सामान्य मानिसको हैसियतभित्र थिएन। अधिकांश मानिस घामपानीबाट बच्नको लागि स्वनिर्मित छतरी प्रयोग गर्थे।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



**हरिकृष्ण बराल**
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

परमात्मा सधैंभरि प्रसन्न छ। यसैले हामीले उसको पूजापाठ, स्तुति गरेर प्रसन्न पार्ने प्रयत्न गरिरहनुपर्दैन। परमात्मालाई हामी व्यक्तिको रूपमा सोच्छौं भने यो हाम्रो कमजोरी र अबुझपन मात्र हो। साधारणतया: हाम्रो मनमा परमात्मा कुनै व्यक्ति हो भन्ने एउटा गलत धारणा बसेको छ। हामीले बच्चैदेखि सुनिराखेका छौं कि सातवटा आकाशभन्दा माथि कुनै महाशक्तिशाली तथा सर्वशक्तिमान व्यक्ति स्वर्ण सिंहासनमा बसेको छ, उसैले यो संसार बनायो र उसैले यसलाई परिचालन गरिरहेको छ। हामीहरू सम्मोहित भएका छौं। जसरी हिजोसम्म हामीहरू आदतको गुलाम हुन्छौं भन्ने कुरा सुनेका थियौं, त्यसैगरी अहिले हामी त्यसो भन्ने मानिसहरूसँग सम्मोहित हुन्छौं र उनीहरूका यस्ता आधारहीन तथा अन्धविश्वासपूर्ण कुराहरू पत्याउँछौं।

आजसम्म कसैले पनि परमात्मा वा ईश्वरलाई भेटेको छैन। मैले ईश्वरको दर्शन गरें भनेर जसले भन्छ भने त्यो उनीहरूको कल्पना मात्र हो। यदि कसैले कुनै चीजको अधिक कल्पना गरिरह्यो भने सपनामा दर्शन हुन सक्छ। यसमा पनि हामीले याद राख्नुपर्ने कुरा के छ भने भगवान् रामको भक्तलाई सपनामा रामको दर्शन हुन सक्छ तर उनलाई ईसा मसिहको दर्शन कहिल्यै पनि हुँदैन। फेरि ईसा मसिहको भक्तलाई रामको दर्शन कहिल्यै हुँदैन। भगवान् श्रीकृष्णको भक्तलाई सपनामा पनि गौतम बुद्धको दर्शन हुँदैन। किनकि उसको धारणा वा कल्पना नै त्यस्तो छैन। वास्तविक परमात्माको वा ईश्वरको दर्शन हुन्थ्यो भने सबैलाई एकै किसिमको हुन्थ्यो होला। तर आजसम्म यस्तो भएको छैन। ईश्वरको कुनै रूप छैन, कुनै आकार छैन भने ईश्वरले कसरी दर्शन दिन सक्छ ?

हामीहरू सोच्छौं कि पूजापाठ गरेर, स्तुति गरेर, खुसामत गरेर, प्रशंसा गरेर परमात्मालाई मनाउन सकिन्छ। के परमात्मा हामीसँग रिसाएको छ र ? हामीहरू उसलाई मनाउने प्रयत्न गरिरहेका छौं। परमात्मा त सदैव मङ्गलमय छ, ऊ हामीसँग रिसाएको छैन र उसलाई मनाउन पनि कुनै जरुरी छैन। फेरि हामीहरू जसलाई प्रार्थना भन्ने गरेका छौं, वास्तवमा त्यो प्रार्थना नै हैन, त्यो त याचना मात्र हो। हामी परमात्मासँग हरदम केही न केही मागिरहेका हुन्छौं। हे प्रभु ! यस्तो गरिदिनुस्। हाम्रो प्रार्थनामा केवल तीन तत्त्व हुन्छ– पहिलो स्तुति, दोस्रो दु:खेसो, तेस्रो सल्लाह। यस कोटिमा केवल हिन्दूहरू मात्र पर्दैनन्। सबै धर्मका मानिसहरू यसै कोटिमा पर्छन्। सबै धर्मका मानिसहरू हे परमात्मा ! यसो गरिदिनुस्, यस्तो नगरिदिनुस् भन्छन्। हाम्रो प्रार्थना सुनिदेओस् भनेर पहिले स्तुति गरेर खुशामत गर्छौं। हामी ईश्वरलाई व्यक्ति जस्तै मानेर खुशामत गर्छौं। फेरि हामी हाम्रो दु:खेसोको लिस्ट दिन्छौं। र अन्त्यमा हामी यस्तो भइदिए राम्रो हुन्थ्यो, हजुरको ठूलो कृपा हुन्थ्यो भनेर भन्छौं। आजसम्म हामीहरू परमात्मासँग यही गर्ने प्रयास गरिरहेका छौं। हामीहरू ऊभन्दा पनि बुद्धिमान् भएर उसलाई सल्लाह दिइरहेका छौं। उसको शिकायत गरेर हामी उसलाई भनिरहेका छौं, हजुरले जे गरिरहनुभएको छ, ठीक गरिरहनुभएको छैन।

यस किसिमको कुनै परमात्मा, कुनै भगवान्, कुनै ईश्वर यस संसारमा छैन। जसले हाम्रा कामनाहरू सुन्छ र त्यसलाई पूरा गरिदिन्छ। परमात्माको शब्द विन्यासलाई हेर्ने हो भने पनि परमात्मा दुईवटा शब्द मिलेर बनेको देखिन्छ। एउटा परम र अर्को आत्मा। परम यानी 'दी अल्टिमेट' र आत्मा यानी 'सेल्फ'। यसरी हेर्दा परमात्मा भन्नाले 'दी अल्टिमेट फ्लोवरिङ अफ दी सेल्फ' भन्ने बुझिन्छ। अर्थात् स्वयंको चरम विकास, आफ्नो चेतनाको पूर्ण खिलावटको नाम नै परमात्मा हो।

परमात्मा मानिसको एउटा सम्भावना हो। जस्तो बीजको लागि फूल बन्नु एउटा सम्भावना हो। बीजले म पनि तिमी जस्तै फूल बन्न सकूँ भनेर प्रार्थना गर्न सक्दैन। प्रार्थना गरेर काल्पनिकरूपमा हैन बीजले वास्तविकरूपमैं फूल बन्नु छ। यो फरकलाई हामीले राम्ररी बुझ्नु छ। तबमात्र हामी बुझ्न सक्छौं कि पूजापाठ गरेर परमात्मालाई प्राप्त गर्न सकिंदैन। हामीले अहिले गरे जस्तो प्रार्थना गरेर हैन हामीले आफू स्वयंलाई निखार्नुपर्छ। हामीले हाम्रै जीवनको साधना गर्नुपर्छ। अहिले हामीले मानिरहेको भगवान् त्यो हैन जसले संसार बनायो। यो भगवान् त त्यो हो जसलाई हामीले बनायौं। यो मनुष्यको एउटा कृति हो, यो ईश्वर हैन, जसले जगत्को रचना गर्‍यो। ईश्वर त एउटा सृजनात्मक ऊर्जा हो, एउटा शक्ति हो, यो कुनै व्यक्ति हैन। हामीले आफूभित्र भएको डर र लोभको आधारमा भगवान् बनाएका छौं। यो हाम्रो व्यक्तिगत धारणा हो, यसैले अलगअलग देशमा, अलगअलग समाजमा, अलगअलग सम्प्रदायमा अलगअलग धारणाहरू छन्। एउटाको भगवान् अर्कोसँग बिल्कुलै फरक छ, किनकि दुवैका धारणा तथा कामना अलगअलग छन्। हाम्रो स्वर्ग तथा नर्कको धारणा पनि यसै प्रकारले कपोलकल्पित धारणा हो।

जस्तो कि हामी गर्मी देशका बासिन्दा हौं भने हामी हाम्रो स्वर्गको वर्णन हाम्रो शास्त्रमा स्वर्ग एकदमै शीतल छ, जहाँ चीसो हावा हरदम बगिरहन्छ। नदीहरू, तलाउहरू प्रशस्त छन्, जसमा शीतल जलभण्डार छ भनेर पढ्छौं। किनकि हामी यहाँ गर्मीले हैरान छौं। यदि हामी चीसो देशका बासिन्दा हौं भने हामी हाम्रो स्वर्गको वर्णन हाम्रो शास्त्रमा स्वर्गमा सधैं सूर्यको प्रकाश हुन्छ, त्यहाँको वातावरण यहाँको जस्तो चीसो हुँदैन, त्यहाँ सधैंभरि गर्मी हुन्छ भनेर पढ्ने गर्छौं। किनकि हामी यहाँ चीसोले मर्माहत छौं।

वास्तविकरूपमा हाम्रो धारणा अनुसारको न कुनै स्वर्ग छ, न कुनै नर्क छ। यस्तै किसिमले हाम्रो ईश्वरको धारणा पनि हाम्रा कामनाहरूको सूचक हो। यसरी हेर्दा परमात्माको मतलब 'टोटल बिइङ'मा जीवन जिउनु हो। यदि आफ्नो स्वभावमा जिउन सिक्ने हो भने परमात्मालाई जान्ने सम्भावना सबै मानिसभित्र छ। वास्तविक परमात्मा जसलाई हामी आत्माको परम रूप भनिरहेका छौं, त्यो सबै जीवमा छ। त्यसलाई हामीले विकसित गर्न सक्यौं भने त्यसको खिलावट हुनेछ। हामीभित्र सुतेर बसेको चेतना सम्पूर्णरूपमा प्रकट हुनेछ।

अनेक कामनाहरूको साथमा परमात्मालाई पनि जान्ने इच्छालाई साकार गर्न सकिंदैन। धेरै कामनामध्ये एउटा कामना साधना गर्ने, ध्यान गर्ने पनि छ भने यस्तो मनतातो किसिमका साधनाले परमात्मालाई जान्न सकिंदैन। यसको लागि समग्रतामा साधना गर्नुपर्छ।

मनमा हजार थरीका वासनाहरू राखेर परमात्मा प्राप्तिको काम बन्न सक्दैन। कामनाहरूको सूचीमा परमात्मालाई जान्ने इच्छा अन्तिम नम्बरमा छ भने हाम्रो सम्पूर्ण ऊर्जा प्राथमिकतामा परेका कामनाहरूलाई पूर्ण गर्दागर्दै समाप्त हुनेछ। हाम्रो जीवन छोटो छ। तर हाम्रो कामनाको सूची लामो छ। सबैभन्दा तल भएको कामना पूर्तिको पालो नआउन पनि सक्छ।

हामीले परमात्मालाई न अर्जेन्ट लिस्टमा राखेका छौं, न इम्पोर्टेन्ट लिस्टमा राखेका छौं। यसैले हामी हाम्रा सांसारिक कामनाहरूको पूर्तिलाई नै अर्जेन्ट र इम्पोर्टेन्ट मानेर त्यसैको पूर्ति गरिरहेका छौं। यही कामनाहरूको पूर्ति गर्दागर्दै हाम्रो छोटो जीवन बितेर जान सक्छ। सायद त्यो सिढीमा हामी पुग्न पनि सक्नेछैनौं। क्रमश:

# स्नेक एन्ड इन्सेक्ट प्वायजनिङ अर्थात् सर्पदंश र कीट विषाक्तता



स्वास्थ्य चर्चा
**डा शिवशङ्कर यादव**
shivshankaryadav3398@gmail.com


पाठकवृन्द यस लेखमा सर्प र विषालु कीटहरूको संक्षेपमा विवेचना हुनेछ। पहिले सर्पको बारेमा। हाम्रो उपमहाद्वीपमा सर्पदंश यति बढी सङ्ख्यामा पाइन्छ कि यसभन्दा बढी केवल अफ्रिका महादेशमा नै पाइन्छ होला किनभने त्यहाँ पनि गर्मी र जङ्गल धेरै छन्। जब म चितवनमा मेडिकल अधिकृत थिएँ, तब त्यहाँ दुर्घटना र सर्पदंशका मामिला नै बढी हुन्थे। दुर्घटना यस कारणले कि पूर्व–पश्चिम राजमार्गको काठमाडौं जाने त्यही गेटवे थियो। सर्पदंश किनभने पूरै चितवन जङ्गल फँडानी गरेर बनेको हो र अहिले पनि धेरै जङ्गल छ, जहाँ साँपको बिगबिगी नहुने कुरै छैन। प्राय: फुसको घर, गोठ, पुरानो तथा भत्केको ईँटाको घरमा सर्पको बास हुन्छ, जो बेलाबेलामा घाँस, दाउरा टिप्ने बेलामा अचानक टोक्छ। मेरो घरको छेउमा नै एउटा पुरानो भत्केको एक कोठाको घर छ। त्यहाँबाट गोमन सर्प निस्केर बरोबर मेरो घरमा आइरहन्थ्यो। त्यसैले वास्तुकारले त्यस्तो ठाउँमा घर नबनाउन भन्छन्। एकजनाले त आफ्नो घरमा आएको एउटा गोमन सर्पलाई देखेर मारे। हेर्दा त अर्को पनि रहेछ। खोजी गर्दै जाँदा एउटा प्वाल भेटियो, जहाँबाट २१ वटा गोमन सर्पलाई पालैपालो मारे। सर्पले प्वाल बनाउन सक्दैन तर मुसाले बनाएको प्वाल कब्जा गरेर बस्छ। गाउँघरमा सर्पदंशका घटना बढी हुन्छन्। बढी भएपनि त्यही अनुपातमा भने मृत्यु हुँदैन किनभने साँप विषालु र विनाविषालु पनि हुन्छन्। बढी सङ्ख्या विनाविषालु साँपको नै हुन्छ। साँपले टोकेको मानिषलाई जब अस्पतालमा ल्याइन्छ, तब धेरैलाई केही पनि हुँदैन र केवल रातभरि निगरानीमा मात्र राखेर डिस्चार्ज गरिन्छ किनभने विनाविषालु साँपले टोकेको हुन्छ। यस्तै रोगीलाई धामीझाँक्रीले ठीक पारेर वाहवाही लिन्छन्। विषालु सर्पदंशलाई उनीहरूले ठीक पार्न सक्दैनन् र अस्पताल जान भन्छन्। तबसम्म अबेर भइसकेको हुन्छ र अस्पतालमा आएर पनि रोगी मर्छ। जो सीधैं तुरुन्त अस्पताल आउँछन्, उनीहरू प्राय: निको भएर जान्छन्। विषालु सर्पदंशमा तुरुन्त उपचार नितान्त जरुरी हुन्छ।

अत: साँप दुई किसिमको भयो, विषालु र विनाविषालु। यस लेखमा विषालु साँपको नै वर्णन हुनेछ। सर्पदंश अचानक नै बढी हुन्छ। तर यसले हत्या र आत्महत्यासमेत गरिएको पूर्वमा उदाहरण छन्। सर्पको विषमा कपडाको टुक्रा चोपेर तथा त्यसलाई जनावरको मलद्वारमा पसाएर जनावरलाई मार्नेसमेतको घटना देखिएको छ। प्राचीनकालमा राजाहरूले विषकन्या पाल्थे, जसलाई सर्पदंशले 'रेसिस्टेन्ट' पारिन्थ्यो र दुश्मन राजा वा अधिकारीको हत्यामा उपयोग गर्थे। विषकन्या विषालु सर्पदंशलाई पचाइसकेकी युवती हुन्थिन्। तर कहिलेकाहीं सीधैं ओछ्यानमा नै सर्प राखेर हत्या गराइन्थ्यो। वर्षात्को मौसममा फुसको घरको ओछ्यानलाई राम्ररी झटकारेर नै सुत्नुपर्छ, नत्र कहिलेकाहीं सर्प ओछ्यानमा पनि लुकेर बसेको हुन्छ।

विषालु साँपका पनि दुई प्रजाति हुन्छ– कोलुब्राइडी र भाइप्राइडी। पहिलोले अन्डा दिन्छ भने दोस्रोले बच्चा दिन्छ। पहिलोको आँखा गोलाकार हुन्छ भने दोस्रोको आँखा भर्टिकल हुन्छ। पहिलोको पुच्छर गोलो लामो र दोस्रोको छोटो हुन्छ। पहिलोको शिर र गर्दन एउटै आकारको हुन्छ भने दोस्रोको शिर चारकुने खाने बर्फीको जस्तो हुन्छ तथा गर्दन पातलो हुन्छ। पहिलोको दाँत सानो हुन्छ र यसले कपडा छेद्न सक्दैन जबकि भाइप्राइडीको दाँत ठूलो हुन्छ र कपडा छ भने पनि छेदेर टोक्न सक्छ। कोलुब्राइडी सर्पले विष प्रवेश गराउँदा दुवै जबडा बन्द गर्छ तर भाइप्राइडीले बन्द नगरीकन विष प्रवेश गराउन सक्छ। कोलुब्राइडी पनि दुई किसिमको हुन्छ– इलोब्राइडी जो जमीनमा र हाइड्रोफाइडी जो समुद्र वा पानीमा पाइन्छ। जमीनमा पाउने मुख्य साँप हुन्– कोब्रा, किङ कोब्रा, करैत, साँखड र रसेल भाइपर। रसेल भाइपर धेरै नै विषालु हुन्छ तर गङ्गा उपत्यकामा पाइँदैन तर समस्त अन्य प्रदेशमा पाइन्छ। हाइड्रोफाइडीमा पनिया दरार, डोरिया र धामिन आदि हुन्। भाइप्राइडी पनि दुई प्रकारको हुन्छ– पिट भाइपर र पिटलेस भाइपर। पिट भाइपरको शिरमा दुवैतर्फ धँसेको हुन्छ, जबकि पिटलेसको शिर सपाट हुन्छ।

हाम्रो देशमा कोब्रा, करैत र साँखडले टोकेका मानिस नै बढी आउँछन्। यसमा पनि कोब्रा र करैत क्रमश: बढी खतरनाक हुन्छन्। कोब्राको विषले शीघ्र असर गर्छ र बढी मृत्युको कारण बन्छ। करैतको विष विलम्बले असर गर्छ र विलम्बले नै निको हुन्छ। यस कारण देहातका मानिस यसलाई बहिरो साँप भन्छन्। प्राय: करैतले टोकेको मानिस बाँच्छन् तर उपचार गरिएन भने मर्छन् नै। तर कोब्राले टोकेमा शीघ्र अस्पतालमा ल्याइएन भने मानिस बाँच्दैन। विषालु साँपले टोकेको ठाउँमा दाँतको निसान पाइन्छ र त्यसबाट रगत होइन न्याल निस्किन्छ तर भाइपर साँपले टोकेको ठाउँमा भयङ्कर दुखाइ र गैग्रिनसमेत हुन्छ। गैग्रिन शरीरमा सडेको भागलाई भनिन्छ, जसले खतरनाक रूप लिएर ज्यानसमेत लिन सक्छ। विषरहित साँपले टोकेको ठाउँमा रगत बगिरहेको हुन्छ र कहिलेकाहीं मासुसमेत उखेलेर साँपले खाजा बनाइसकेको हुन्छ। साँप खतरनाक प्राणी त हो तर आक्रामक हुँदैन। आक्रामक त्यस बेला मात्र हुन्छ, जब अचानक मानिसको खुट्टा वा हात साँपमाथि पर्छ वा साँपलाई जिस्काइन्छ। दुवै स्थितिमा उसको आक्रामकता रक्षात्मक नै हुन्छ। साँपको दुनियाँ चाखलाग्दो हुन्छ। सपेराले प्वालमा हात पसाएर पनि साँपलाई समात्छ र केही पनि हुँदैन, जबकि हामीले यसको कल्पना पनि गर्न सक्दैनौं। भनिन्छ कि सपेराको साथ जङ्गली जडीबुटी हुन्छ, जसले गर्दा साँपले टोके पनि केही हुँदैन। सत्य के हो यसको खोज गर्नुपर्छ। तर के देखिन्छ भने न्याउरी मुसा र साँपको लडाइँ वास्तविक कुरा हो। भनिन्छ कि साँपले टोके पनि न्याउरी मुसाको शरीरमा उसको विष नलाग्ने तत्त्व हुन्छ। साँपले केवल न्याउरी मुसालाई बेरेर नै मार्न सक्छ। तर न्याउरी मुसा यति फुर्तिलो र साँप यति सुस्त प्राणी हो कि न्याउरी मुसाले साँपलाई सजिलै टुक्राटुक्रा पारिदिन्छ। साँपको विष साँपको मुखमा हुन्छ। त्यसैले बाँदरले साँपको शिर नै समात्छ र साँपले टोक्नको लागि मुख नै खोल्न सक्दैन। अत: सर्पले बाँदरलाई पनि बेरेर मात्र मार्न सक्छ। तर बाँदर यति चालाक हुन्छ कि उसले साँपको शिर ढुङ्गामा घस्न थाल्छ। दुखाइले साँपले आफ्नो पकड छोड्छ र यसरी साँप आफ्नो शिर ढुङ्गामा घसिएर प्राण त्याग्न विवश हुन्छ। भनिन्छ कि गरुडले साँपलाई खान्छ र शिकारको बेला उसको बीच भागमा समात्छ, जस कारण उसको मुख गरुणलाई टोक्ने गरी पुग्नै सक्दैन। गरुण र सर्पको एक मनोरञ्जक मिथ पनि छ कि दुवै दिदीबहिनीका वंशज हुन्। मेरो गाउँमा एकजना थिए, जसलाई हेर्न बित्तिकै विषालु साँप पनि भाग्थ्यो। गाउँलेको भनाइ यो थियो कि गरुण वर्ण व राशिको मानिसलाई हेरेर साँप भाग्छ। यसमा कति वैज्ञानिकता छ म भन्न सक्दिनँ तर मानिसको शरीरको गन्धले कुनै असर गर्छ होला भने कारण हुन सक्छ। साँपलाई समात्नको लागि एउटा हुकसहितको लट्ठी प्रयोग गरिन्छ, जसले गरुड जस्तै साँपको बीच भागलाई समातेर उठाइन्छ र दूरस्थ भएको कारण साँपले समात्ने मानिसलाई टोक्न सक्दैन। जसरी मानिसको न्याल ग्रन्थी हुन्छ र न्याल मानिसको लागि एक पाचक हो। त्यस्तै, साँपको मुखमा पनि सेलिभरिग्लैन्ड हुन्छ। त्यसैको न्याल साँपको विष हो, जो साँपको लागि एक पाचक रस मात्र नै हो तर अरूको लागि विष हो। जसरी पानीले भरिएको घैंटोलाई अलिकति हल्लायो भने पानी छल्केर जान्छ अन्यथा जाँदैन। त्यस्तै, टोक्दा साँप पनि अलिकति घुम्छ, अन्यथा विष प्रवेश नगर्न पनि सक्छ। त्यसैले कहिलेकाहीं विषालु सर्पले टोके पनि विष लाग्दैन। यदि साँपले धेरैचोटि टोकेको छ भने उसको टोकाइले पनि विष नलाग्न सक्छ किनभने त्यसमा विष सकिएको हुन्छ। बाइट अर्थात् टोकाइ पनि सुपरफिसियल र डीप दुई प्रकारको हुन्छ। डीप बाइटले भेन पंक्चर हुन्छ र विष लाग्छ। सुपरफिसियल बाइटमा भेन पंक्चर नहुन सक्छ र विष पनि नलाग्न सक्छ। विष केवल नसामा गए मात्र लाग्छ। विषलाई खाइयो भने केही हुँदैन यदि मुख र पेटमा घाउ छैन भने। यदि घाउ छ भने त्यसैबाट विष नसामा जान्छ र विषाक्त प्रभाव पार्छ। भनिन्छ कि भाले साँपलाई मारियो भने मार्ने मानिसको तस्वीर उसको आँखामा बस्छ र त्यही तस्वीर हेरेर पोथी साँपले खोजेर मानिसलाई मार्छ। यसमा कुनै वैज्ञानिक सत्यता छैन। तर कुनै नागिनले मनुष्य रूप धारण गरेर नागिन फिल्म जस्तै बदला लिन्छ भने केवल एक मिथ मात्र हो। यसको महत्त्व यस कारण छ कि मनुष्यजीवनमा साँपको देउताजस्तो महत्त्व छ। मानिस आदिकालदेखि सर्पसँगै बस्दै आएको छ। काठमाडौंमा नागजातिको राज्य थियो। त्यो नाग सर्प होइन मनुष्यको नै एक जाति थियो। त्यस नाग जातिमा जहर थियो वा थिएन यो खोजको विषय हो।

विषालु सर्पको विष इन्जेक्ट गर्ने दुईटा दाँत हुन्छन् र टोकेको ठाउँमा दुईटा



ट्युवलर निशान पाइन्छ। विषरहित साँपका धेरै दाँत हुन्छन् र टोकेको ठाउँमा धेरै अर्धचन्द्राकार निशान पाइन्छ। विष एक खैरो रङ्गको द्रव हो, जसलाई सुकाएपछि सुईजस्तो क्रिस्टल प्राप्त हुन्छ, जुन पानीमा सहजै घुलनशील हुन्छ। विषमा प्रोटोलाइटिक इन्जाइम, फस्फोटाइडेज र न्युरोटाक्सिन हुन्छ। प्रोटियोलाइटिक प्रोटिनलाई टुक्रा पारिदिने इन्जाइम हुन्छ। यसले मांसपेशीको प्रोटिन र नसाको भित्तालाई खाइदिन्छ र त्यसबाट हिस्टामिन निस्केर एलर्जी गराउँछ तथा रक्तचाप बढाइदिन्छ। रक्तनलीको भित्ता खाएपछि त्यसबाट रगत निस्केर शरीरभरि फैलिएर मृत्युको कारण बन्छ। फस्फोटाइडेजले हेमोलाइसिस गर्छ, जसको मतलब हुन्छ रगतको रातो रक्तकण, श्वेत रक्तकण र प्लेटलेट सबैलाई नष्ट पारिदिन्छ। जब रगत नै नष्ट हुन्छ भने मानिस बाँच्ने कसरी ? यसमा फोक्सोबाट पनि रगत बाहिर बग्न थाल्छ।

कुनै कुनै विषले रक्तनलीमा नै रगतको थक्का जमाइदिन्छ जबकि रगत शरीरको बाहिर आए मात्र थक्का जम्छ। यसरी रक्तनलीमा नै रगत जमेको हुनाले रक्तसञ्चार बन्द हुन्छ, जसरी कुनै नलमा पानी भए आउँछ बर्फ भए आउँदैन। मुटुले काम गर्न छोड्छ। न्युरोटाक्सिनले कुरारे जस्तो प्रतिक्रिया गरेपछि मानिस पक्षघात भएर मर्छ। भेनेजुएला, कोलम्बिया आदि ठाउँमा बुस रोप भनेको एक फुल्ने बिरुवा हुन्छ, जसको रसलाई कुरारे भनिन्छ, जुन मुसा आदि मार्न व्यवहार गरिन्छ, जसले मांसपेशीको पक्षघात गराउँछ। त्यसैले यहाँ कुरारे जस्तो प्रभाव भनियो। विषमा प्रोटिएज र कोलिनस्टेरेज इन्जाइम पनि हुन्छ, जसले अलगअलग प्रभाव पार्छ। कोब्राको विषमा कोलिन, एसिटिक एसिड र हाइल्युरोनाइडेज हुन्छ, जसले विषलाई छिटो प्रसार गर्ने काम गर्छ। यसको अतिरिक्त राइबोन्युक्लिएज र डिसओक्सिराइवोन्युक्लिएज पनि हुन्छ, जुन अटोलाइसिस र प्युट्रिफेक्सन अथवा सडनको कारण बन्छ। क्रमश:

लघुकथा

## कर्मको फल

**- राजेन्द्र पहाडी**

समाजसेवा, व्यापार–व्यवसाय, राजनीतिदेखि लिएर धार्मिक गतिविधिमा समेत उत्तिकै सक्रिय देखिएर भूमिका निर्वाह गरेको अनुभव भएका आवरणका मात्र भएपनि सही, सदाचारी पात्र हुन्, खलेनाथ शर्मा।

यिनले व्यापार–व्यवसायको क्षेत्रमा जिल्ला उद्योग वाणिज्य सङ्घको महत्त्वपूर्ण पददेखि सामाजिक सेवाको क्षेत्रमा प्रतिष्ठित अन्तर्राष्ट्रिय पहिचान भएको संस्थाको अध्यक्षको भूमिका पनि निर्वाह गरे। निजी शैक्षिक संस्थामा लगानी गरेर शिक्षाप्रेमी कहलिए।

उनी र उनका सहोदर भान्जा मिलेर पारिवारिक सदस्यहरूको संलग्नतामा एउटा सहकारी पनि सञ्चालन गरे। सीधासाधाको मन जित्नका लागि उनले व्यक्तिगत प्रयोजनका लागि गाडी पनि किने। खुद्रा प्रकृतिको व्यापार–व्यवसायलाई विस्तार गर्दै डिलरशिप सञ्चालन गर्न थाले। बजार क्षेत्र वरपरका केही फालिएका जग्गाजमीन पनि खरीद गरेर राखे। अनेक प्रकारका काम गरेर खलेनाथले दुनियाँको आँखामा छारो हाल्न सफल भइरहे।

गाउँबाट शहर झरेर छोटो समयमा आर्थिक छलाङ मार्ने थोरै व्यापारीहरूमा उनको नाम प्रथम दर्जामा आउन थाल्यो। उनी अध्यक्ष भएको र सैयौं आम सर्वसाधारण नागरिक सदस्य रहेको सहकारीमा सर्वसाधारणले करोडौं रुपियाँ निक्षेप राखे। कतिलाई अरू वित्तीय संस्थाभन्दा धेरै ब्याज दिने भनेर प्रलोभनमा पारियो र निक्षेप रकम सहकारीमा भित्र्याइयो। खलेनाथले नेतृत्व गरेको ठाउँमा गलत परिणाम आउने कुरामा कसैले पनि शङ्का गर्ने अवस्था थिएन।

शहरभरि खलेनाथ शर्माको आर्थिक, सामाजिक तरक्कीका बारेमा चर्चापरिचर्चा हुन थाल्यो। दिन दुई गुणा रात चार गुणाको दरले उनको आर्थिक चमकधमक वृद्धि भएको कुराले सबै आश्चर्यचकित परिरहेका थिए। सफलताको उदाहरण दिनुपर्दा सबैले खलेनाथबाट सिक्नुपर्छ भन्ने गर्थे। अभिभावकहरूले आफ्ना छोराछोरीलाई पनि भविष्यमा खलेनाथजस्तै सफल बन्नु भनेर हौंस्याउने गर्थे।

दिनहरू खलेनाथमय भएर बितिरहेका थिए। अचानक एक दिन एकाबिहानै खलेनाथ शर्मा सर्वसाधारणको करोडौं रकम कुम्ल्याएर रातारात भाग्यो भन्ने समाचार शहरभरि सनसनीपूर्ण ढङ्गले प्रवाहित भयो। मानिसहरू मुखामुख गर्न थाले। निक्षेपकर्ताहरू र ऊसँग आर्थिक कारोबार गरेकाहरू असिनपसिन भए। खलेनाथको व्यापक खोजी भयो। प्रहरी प्रशासन, शेयरधनी, निक्षेपकर्ता र सर्वसाधारणको सामूहिक प्रयासपछि उसलाई पक्राउ गर्ने काम भयो।

अख्तियारको दुरुपयोग गर्दै सर्वसाधारणको निक्षेप रकम अपचलन गरी ठगी गरेको आरोपमा खलेनाथ शर्मा हिजोआज जेलको चीसो छिंडीमा दिन काटिरहेको छ। (समकालीन साहित्य)

## अन्तर्राष्ट्रिय समाचार

# अर्को चुनावी गर्मीको सामना गर्ने मौसम विभागको चेतावनी

नयाँ दिल्ली, ४ जेठ/एएफपी

भारतले तीन सातामा दोस्रोपटक तातो लहर (लू)को सामना गरिरहेको मुलुकको मौसम ब्यूरोले चेतावनी दिएको छ। यसमा छ साताको निर्वाचनमा लाखौं मानिसले मतदान गर्ने क्षेत्र पनि समावेश छन्।

सन् २०१९ को पछिल्लो राष्ट्रिय निर्वाचनको तुलनामा जारी मतदानमा भएको गिरावटका लागि प्रधानमन्त्री नरेन्द्र मोदीले सजिलै तेस्रो कार्यकाल जित्ने व्यापक अपेक्षाका साथै गर्मीमा औसतभन्दा धेरै तापक्रम पनि कारक रहेको विश्लेषकहरूले बताएका छन्।

सात चरणको निर्वाचनमा नयाँ चरणको मतदान सोमवार हुनेछ। यसमा मतदान हुने भारतका केही भागमा तापक्रम सामान्यभन्दा दुईदेखि तीन डिग्री सेल्सियस बढी हुने अपेक्षा गरिएको छ।

उत्तर प्रदेश, पश्चिम बङ्गाल, महाराष्ट्र र झारखण्ड राज्यमा सोमवार मतदान हुँदैछ। त्यहाँ ४० डिग्री सेल्सियसको हाराहारीमा तापक्रमसहित मध्यम 'लू' चल्ने अपेक्षा गरिएको बिहीवार राति गरिएको पूर्वानुमानमा बताइएको थियो।

भारतीय मौसम विभागले शिशु, वृद्ध र दीर्घरोगीहरूका लागि 'मध्यम स्वास्थ्य चिन्ता'को चेतावनी दिँदै ती राज्यका बासिन्दालाई गर्मीबाट बच्न सल्लाह दिएको छ। राजधानी दिल्लीमा पनि सप्ताहन्तमा अधिकतम तापक्रम ४५ डिग्री सेल्सियस पुग्ने अपेक्षा गरिएको पूर्वानुमानमा उल्लेख छ।



प्रचण्ड गर्मीमा छाता ओढेर मतदानस्थल जाँदै मतदाताहरू। तस्वीरः एएफपी

दक्षिण र दक्षिणपूर्वी एशियामा करोडौं मानिसले गत महिना लामो समयसम्म गर्मीको सामना गर्नुपर्दा फिलिपिन्स र बङ्गलादेशमा विद्यालय बन्द गर्नुपरेको थियो।

भारतको निर्वाचन आयोगले प्रत्येक चरणको मतदानअघि गर्मीको लहर (लू) र आर्द्रताको प्रभावको समीक्षा गर्नका लागि कार्यदल गठन गरेको गत महिना बताएको थियो। नयाँ दिल्लीनजीकैको शहर मथुरामा अप्रिलको अन्त्यमा मतदानको दिन तापक्रमले ४१ डिग्री सेल्सियस पार गरेपछि मतदानमा पाँच वर्षअघिको तुलनामा करीब नौ अङ्कले गिरावट आएको निर्वाचन आयोगको आँकडाले देखाएको छ।

प्रधानमन्त्री मोदीले यसै महिना आफ्नो गृहराज्य गुजरातमा मत खसालेपछि मतदाताहरूलाई मतदानको दिन सकेसम्म धेरै पानी पिउन आग्रह गरे।

भीषण गर्मीको तापक्रमबाट भारत अछुतो छैन तर वर्षौंको अनुसन्धानबाट जलवायु परिवर्तनका कारण एशियाली उपमहाद्वीप र विश्वभर गर्मीको लहर लामो, लगातार र अधिक तीव्र बनिरहेको पत्ता लागेको छ।

यसै साता वित्तीय राजधानी मुम्बईसहित मुलुकका धेरै भागमा भीषण आँधी आएको छ। आँधीका कारण मुम्बईमा विशाल बिलबोर्ड खस्दा १६ जनाको मृत्यु हुनुका साथै दर्जनौं मानिस भग्नावशेषमा फसेका थिए। बिहीवार पश्चिम बङ्गालमा आँधी र चट्याङबाट कम्तीमा ११ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्। रासस

# 'डिस्लेक्सिया रोग होइन, अवस्था हो'

काठमाडौं, ४ जेठ/रासस

काठमाडौं विश्वविद्यालयका प्राडा लक्ष्मण ज्ञवालीले बालबालिकाको सिकाइका क्रममा देखा पर्ने कठिनाइ 'डिस्लेक्सिया' रोग नभई एक अवस्था रहेको बताएका छन्।

हात्तीवनस्थित काठमाडौं विश्वविद्यालयमा शुक्रवार भएको एक अन्तर्क्रियामा उनले 'डिस्लेक्सिया'को अवस्थाबारे अध्ययनपत्र प्रस्तुत गर्दै बालबालिकाले अक्षर ठम्याउन नसक्ने, बुझाइमा समस्या आउने, अक्षर उल्टो लेख्ने, कम बोल्ने, लजाउनेजस्ता लक्षण देखिने क्रियाकलापबाट अभिभावक एवं शिक्षक पीडित भएको बताए। यद्यपि यी लक्षण देखिनुका कारण पत्ता लगाएर शिक्षक र अभिभावकले परामर्शमार्फत उपचार गर्न सकिने उनको भनाइ थियो। उनले आफ्नो अध्ययनमा नेपालमा १० प्रतिशत विद्यार्थी डिस्लेक्सियाबाट पीडित भएको पाइएको बताए।

नेपाल अङ्ग्रेजी भाषा शिक्षक सङ्घ (नेल्टा) र भारतीय अङ्ग्रेजी भाषा शिक्षक सङ्घ (एल्टाइ)ले गरेको दुई दिने 'बहुविषयक अन्तर्राष्ट्रिय' सम्मेलनमा विभिन्न विषयका विज्ञले कार्यपत्र प्रस्तुत गरेका थिए। सम्मेलनमा नेपाल, भारत, सिङ्गापुर, ताइवानलगायत देशका विज्ञको सहभागिता थियो।

प्राध्यापक मोतिकला सुब्बा देवान, लोयला कलेज चेन्नई भारतका डा केएस अन्टोनियाम, काठमाडौं विश्वविद्यालयका अङ्ग्रेजी भाषा विभाग प्रमुख डा टीकाराम पौडेल, सिचुआन विश्वविद्यालय चीनका विद्यावारिधि तहका विद्यार्थी प्रशान्तकुमार विकलगायत ४० भन्दा बढी विज्ञले कार्यपत्र प्रस्तुत गरेका थिए।

नेल्टाका राष्ट्रिय कार्यक्रम संयोजक विकास रिमालले नेपालमा बहुस्तरीय विज्ञहरूको विचारविमर्श गरी बुझ्ने र बुझाउने सम्मेलनको उद्देश्य रहेको बताए।

# मौद्रिक नीति समीक्षा : सवारी कर्जाको जोखिमभार घट्यो

काठमाडौं, ४ जेठ/रासस

नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा गर्दै सवारी कर्जाको जोखिमभार घटाएको छ भने घरजग्गा कर्जा केही सहज बनाएको छ।

मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामार्फत बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने विद्यमान १२५ प्रतिशत जोखिमभार रहेका हायर पर्चेज प्रकृतिका कर्जाको जोखिमभार घटाइ एक सय प्रतिशत कायम गरिएको छ।

त्यसैगरी, घरजग्गा खरीद प्रयोजनका लागि ऋण भुक्तानी आम्दानी अनुपात (डेब्ट सर्भिस टु ग्रस इनकम रेसियो)लाई सहजीकरण गरी करचुक्ता प्रमाण पेश गरेका आधारमा विद्यमान ५० प्रतिशतबाट ७० प्रतिशत कायम गरिने व्यवस्था ल्याइएको राष्ट्र बैंकले जनाएको छ।

बैंक तथा वित्तीय संस्थाको एक वर्ष अवधि व्यतीत भइसकेका लगानीमध्येबाट एक आर्थिक वर्षमा आफ्नो प्राथमिक पूँजीको २० प्रतिशतसम्म बिक्री गर्न पाउने व्यवस्था मौद्रिक नीतिको समीक्षाबाट ल्याइएको छ।

त्यसैगरी, बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित असल वर्गमा वर्गीकरण भएका कर्जाका लागि गर्नुपर्ने विद्यमान कर्जा नोक्सानी व्यवस्था एक दशमलव २५ प्रतिशतबाट घटाइ एक दशमलव २० प्रतिशत कायम गरिएको छ। चाँदी आयात तथा बिक्रीवितरणसम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरिने पनि नेपाल राष्ट्र बैंकले जनाएको छ।

वार्षिक मौद्रिक नीतिमा लिइएको लचिलो कार्यदिशालाई तेस्रो त्रैमासिक समीक्षामा पनि निरन्तरता दिइएको राष्ट्र बैंकको भनाइ छ। "आन्तरिक तथा बाह्य आर्थिक स्थिति र परिदृश्यसमेतका आधारमा विद्यमान पाँच दशमलव पाँच प्रतिशतको नीतिगत दर, ब्याजदर करिडोर अन्तर्गतको तीन प्रतिशतको निक्षेप सङ्कलन दर र सात प्रतिशतको बैंक दरलाई यथावत् राखिएको छ," मौद्रिक नीतिको समीक्षामा भनिएको छ, "विद्यमान अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी व्यवस्थालाई यथावत् राखिएको छ।"

ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन स्थायी निक्षेप सुविधा प्रदान गर्ने व्यवस्थामा आवश्यक पुनरावलोकन गरिने राष्ट्र बैंकले जनाएको छ। साथै बैंक तथा वित्तीय संस्थाको पूँजीकोष थप सुदृढ गर्ने सम्बन्धमा अतिरिक्त उपकरण प्रयोगमा ल्याउन आवश्यक सहजीकरण गरिने जनाइएको छ।

# विद्यार्थी मृत फेला परेपछि आक्रोशित भीडद्वारा विद्यालयमा आगलागी

पटना (भारत), ४ जेठ/एएनआई

बिहारको राजधानी पटनास्थित एक विद्यालय परिसरको ट्ङ्कीभित्र एक विद्यार्थीको शव फेला परेपछि शुक्रवार बिहान आक्रोशित भीडले विद्यालयमा आगो लगाएको प्रहरीले जनाएको छ।

स्रोतका अनुसार घटना दिघा प्रहरी अन्तर्गतको रामजिचक क्षेत्रमा भएको हो। आक्रोशित आफन्त तथा स्थानीयहरूले सडक अवरुद्ध गरी विद्यालयमा आगो लगाएका थिए।

विद्यालय गएका करीब तीन वर्षका बालक विद्यालयपछि ट्युशन लिने गर्थे। साँझ घर नफर्किएपछि परिवारले उनको खोजी गऱ्यो। उनको शव शुक्रवार बिहान तीन बजे विद्यालय परिसरको ट्ङ्कीभित्रबाट निकालिएको प्रहरीले जनाएको छ।

घटनाबाट आक्रोशित स्थानीयहरूले सडक अवरुद्ध गरी विद्यालयमा आगो लगाएका थिए भने घटनास्थलमा पुगेका अग्निशमनकर्मीहरूले आगो निभाउन सफल भए।

वरिष्ठ प्रहरी अधिकारीहरूले अनुसन्धान शुरू गरेको बताएका छन्। पटनाका प्रहरी अधीक्षक चन्द्र प्रकाशले घटनाको विवरण दिँदै आमाबुवाले राति ढिलो जानकारी दिएपछि प्रहरी टोली घटनास्थलमा पुगी प्रमाण सङ्कलन गरेको बताए।

सिसिटिभीमा बच्चा विद्यालयमा प्रवेश गरेको तर कुनै पनि बिन्दुमा उनी विद्यालय परिसरबाट बाहिर निस्किएको देख्न नसकिएकाले घटनालाई हत्याको मुद्दाका रूपमा अनुसन्धान गर्ने प्रहरीले जनाएको छ।

आपराधिक उद्देश्यको घटनाको प्रवृत्ति देखा परेकाले तीनजनालाई हिरासतमा राखी अनुसन्धान शुरू गरेको प्रहरीले जनाएको छ। रासस

# रूसी र चिनियाँ सदाका लागि दाजुभाइ हुन् -राष्ट्रपति पुटिन

बेइजिङ (चीन), ४ जेठ/एएनआई

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्नो दुई दिने चीन भ्रमणको समापन दिनमा दुई देशबीचको सम्बन्धको उच्च प्रशंसा गर्दै रूसी र चिनियाँबीच 'सदाका लागि भाइचारा' रहेको बताएको रूसी समाचार एजेन्सी तासले जनाएको छ।

दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७५औं वर्षगाँठ र अन्तरसांस्कृतिक वर्ष प्रारम्भका अवसरमा आयोजित समारोहमा पुटिनले दुई देशबीच सौहार्दपूर्ण सम्बन्ध जारी रहने विश्वास व्यक्त गरे।

"यो कार्यक्रम कूटनीतिक सम्बन्ध स्थापनाको ७५औं वार्षिकोत्सवलाई समर्पित छ। ७५ वर्षअघि सिर्जना गरिएको त्यस समयको एउटा प्रसिद्ध गीत जुन प्रायःजसो आजसम्म गाइन्छ। यसमा एक प्रसिद्ध पङ्क्ति छ, "रूसी र चिनियाँ सदाका लागि भाइहरू हुन्," पुटिनले भने।

तासका अनुसार उनले रूस-चीन साझेदारीको भ्रातृभावलाई बढावा दिने विश्वास व्यक्त गरेका छन्। "म विश्वस्त छु कि हामी सौहार्दपूर्ण रूसी-चिनियाँ साझेदारीको भ्रातृ भावनालाई बलियो बनाउने पहल जारी राख्नेछौं," रूसी राष्ट्रपतिले भने।

राष्ट्रपति पुटिन आफ्नो चीनको राजकीय भ्रमणका क्रममा शुक्रवार हार्बिन आइपुगेका हुन्। रूसी राष्ट्रपतिले हार्बिनमा आठौं रूसी-चिनियाँ प्रदर्शनी र अन्तरक्षेत्रीय सहकार्यको चौथो रूस-चीन फोरमको उद्घाटन गरे।

रूसी राष्ट्रपतिले चीनको उत्तरपूर्वी हेइलोंगजियाङ प्रान्तको राजधानी पनि भ्रमण गर्ने अपेक्षा गरिएको छ। त्यहाँ उनले व्यापार र सहयोग फोरममा भाग लिनेछन्।

तासका अनुसार चीन र रूसबीचको सीमा तनावले ऐतिहासिकरूपमा ग्रस्त यस क्षेत्रले हालैका वर्षहरूमा कनेक्टिभिटी बढेको देखेको छ, जसले दुई छिमेकीबीच घनिष्ठ आर्थिक र सांस्कृतिक सम्बन्धलाई बढावा दिएको पाइन्छ। रासस

# फर्की फर्की'मा 'टाइम लुप'को प्रयोग

काठमाडौं, ४ जेठ/रासस

नेपालमा सामाजिक विधा (सोसल ड्रामा)मा धेरै चलचित्र बनिरहेका छन्। सफल चलचित्रको सूची हेर्ने हो भने हाँस्यशैलीमा तयार गरिएका सामाजिक विषयवस्तुका चलचित्र नै दर्शकको रोजाइमा परेको देखिन्छ। केही वर्ष यता 'जात्रा', 'कबड्डी' र 'छक्कापन्जा' शृङ्खलाको व्यावसायिक सफलता यसका उदाहरण हुन्। हाँस्यशैलीको बढ्दो प्रभावले प्रेम कथानक चलचित्र निकै कम बनिरहेका छन्।

अन्य विधामा नेपालमा चलचित्र बनाउन निर्माताले आँट नगरिरहेको बेला आउँदो बुद्ध जयन्तीलाई लक्षित गरी जेठ १० गते प्रदर्शन गरिने चलचित्र 'फर्की फर्की'मा प्रेमकथासँगै 'टाइम लुप'को प्रयोग गरिएको छ। सम्भवतः नेपाली चलचित्रमा टाइम लुप पहिलोपटक प्रयोग गरिएको हो। किनकि यसअगाडि यस्ता प्रयोग चलचित्रमा गरिएको छैन।

विश्व चलचित्रमा भने 'टाइम लुप' र 'टाइम ट्राभल' जस्ता प्रयोग तथा विषय सामान्य मानिन्छ। निर्देशक तथा लेखक सुयोग गुरुङले प्रेम कथानकलाई 'टाइम लुप'मा जोड्दा दर्शकले नयाँपन अनुभूति गर्न पाउने बताए। उनले भने, "हामीले नयाँ विधालाई ल्याएनौं भने एकै किसिमको मात्र चलचित्र बन्छ। त्यही कारण म र मेरो समूहले नयाँ प्रयोग गर्ने कोशिश गरेका हौं। टाइम ट्राभल खर्चिलो हुने भएकाले टाइम लुपको प्रयोग चलचित्रमा गरिएको छ।"

'टाइम ट्राभल'मा विशेषतः पात्र एक समयबाट अर्को समयमा पुग्ने गर्छ। प्राविधिक दृष्टिले अगाडि वा पछाडिको समय देखाउनु निकै खर्चिलो मानिन्छ। 'टाइम लुप'मा भने पात्र एकै समयमा घुमिरहन्छ। एकै दृश्यलाई पात्रको मनोविज्ञान अनुसार चित्रण गर्ने भएकाले




त्यसमा खर्चभन्दा धेरै रचनात्मकता चाहिन्छ। चलचित्रमा माधव सिंह बस्नेतको भूमिकामा अभिनेता अनमोल केसी देखिएका छन्।

अभिनेता केसीले यो प्रेम कथानक चलचित्र युवाका लागि आकर्षण बन्ने विश्वास व्यक्त गरे। उनले भने, "मेरो पात्रले गलती गरिरहँदा त्यो समयलाई पार गर्न सक्दैन। त्यही समयमा ऊ फर्की फर्की आइपुग्छ। त्यो एक किसिमको शक्ति हो। टाइम लुपका कारण चलचित्रको पात्रलाई प्रभाव पारेपछि यसले झनै रोचक बनाउँछ।"

अभिनेता केसीले अधिकांश प्रेम कथानक चलचित्रमैं अभिनय गरेका छन्। त्यस कारण यसपटक भिन्न देखाउन केसी सहमत भएका हुन्। यो उनको १०औं चलचित्र हो। "मैले अभिनय गर्न थालेको १० वर्ष पुगेको छ। यो मेरो लागि सुरुआत नै हो। आफ्नै विधामा रहेर आगामी पुस्तालाई नयाँपन दिन खोजेका हौं," अभिनेता केसीले भने।

उनको पछिल्लो चलचित्र 'छड्के २' असफल भएपछि सामाजिक सञ्जालमार्फत दर्शकसँग माफी माग्दै अभिनेता केसीले आगामी चलचित्रमार्फत पुनः सुरुआत हुने घोषणा गरेका थिए। यस चलचित्रमा उनले अभिनेत्री जसिता गुरुङसँग 'स्क्रिन शेयर' गरेका छन्। अभिनेत्री गुरुङले चलचित्रले युवापुस्ताको प्रेम, आकर्षण र समस्यालाई चित्रण गरेको बताए। "यो चलचित्रमा अहिलेको पुस्ताको सम्बन्धमा देखाइने विषय देखाइएको छ," उनले भने, "यसले अभिभावकलाई नयाँ पुस्ता बुझ्न मदत पुग्नेछ भने युवायुवतीलाई एकापसको समस्या बुझ्न र सुल्झाउन मदत पुग्छ।"

रोहित अधिकारीले निर्माण गरेको चलचित्रमा अभिनेता केसी र अभिनेत्री गुरुङसँगै रवि काफ्ले, समृद्धि अर्याल, निर्मल शर्मा, कृष्ण मल्ललगायतका कलाकारले अभिनय गरेका छन्।

### उच्च रक्तचाप ...

सक्छ। मुटुबाट निस्कने ठूला/साना जुनसुकै रक्तनलीलाई असर पार्न सक्ने भएकाले स्ट्रोक (मस्तिष्कको पक्षघात) लगायतका अन्य समस्या हुन सक्छन्।"

रक्तचाप मापन गरेको ठीक छ कि छैन भन्ने कुरा महत्त्वपूर्ण हुने भन्दै डा लौडारीले रक्तचाप मापनका आफ्नै नियम (प्रोटोकल) हुने बताए। हतारमा अस्पताल पुग्ने बित्तिकै रक्तचाप नाप्न नहुने सुझाव दिँदै उनले भने, "अस्पताल पुगेको १० देखि १५ मिनेट आराम गरेपछि, कुर्चीमा ढाड सीधा हुनेगरी आड लगाएर, खुट्टा भुइँमा राखेर रक्तचाप नाप्नुपर्छ।" रक्तचाप नाप्नुभन्दा एक घण्टाअघिदेखि चिया, कफी, चुरोट, मदिरासेवन गर्न नहुने उनको भनाइ छ।

एकपटक रक्तचाप उच्च देखियो भन्दैमा तुरुन्त औषधि खान शुरू गर्न नहुने डा लौडारीले बताए। "रक्तचाप उच्च देखियो भने १५ देखि २० मिनेटमा पुनः परीक्षण गर्ने, अर्को दिन पनि परीक्षण गरेर यकीन गर्नुपर्छ," उनले भने।

पोटासियमयुक्त खानेकुराले रक्तचापलाई नियन्त्रणमा राख्ने भन्दै मुटुरोग विशेषज्ञ डा लौडारीले फलफूल र सागपातमा पोटासियम पाइने भएकाले नियमित खान सुझाव दिए। नियमित चुरोट, खैनी, सुर्ती, मदिरासेवनले रक्तचाप बढाउने जनाउँदै उनले बाहिरका पत्रुखाना र प्रदूषणसँगै तनावले पनि उच्च रक्तचाप बढाउने बताए।

### आजको राशिफल

| | |
|---|---|
| मेष — धनलाभ | वृष — सफलता |
| मिथुन — राज्यभय | कर्कट — वादविवाद |
| सिंह — यात्रालाभ | कन्या — शत्रुभय |
| तुला — चोरभय | वृश्चिक — उदरपीडा |
| धनु — विजय | मकर — धनखति |
| कुम्भ — भाग्योदय | मीन — अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८०/८१

# पटेर्वासुगौलीमा थारु सङ्ग्राहलयको शिलान्यास

प्रस, पोखरिया, ४ जेठ/

पटेर्वासुगौली गाउँपालिका–२ मा मधेस प्रदेशकै पहिलो थारू सङ्ग्रहालयको शिलान्यास गरिएको छ । बिहीवार भुमरीमाई पार्क परिसरमा थारू जातिका अगुवा एवं ज्येष्ठ नागरिक पुमेश्वर गौरोले थारू सङ्ग्राहलयको शिलान्यास गरेका थिए ।




पहिलो चरणमा गाउँपालिकास्तरीय रु २० लाखको बजेटमा सङ्ग्रहालय निर्माण कार्य शुरू गरिएको उपाध्यक्ष ममता महतो थारूले बताइन् । सङ्ग्रहालयमा तीनवटा ब्लक बन्नेछन् । पहिलो चरणमा रु २० लाखको लागतमा ‘फस्ट ब्लक’ बनाइने उपाध्यक्ष थारूले बताइन् । थप दुईवटा ब्लकका लागि आगामी आवमा रकम विनियोजन गरेर काम अगाडि बढाइने उनले बताइन् ।

२०८४ सालभित्र बृहत् थारू सङ्ग्रहालय निर्माण गरी सञ्चालनमा ल्याउने लक्ष्य रहेको उनले बताइन् । उनले पटेर्वासुगौलीमा निर्माण गर्न लागिएको थारू सङ्ग्रहालय मधेस प्रदेशकै पहिलो थारू सङ्ग्रहालय रहेको दाबी गरिन् ।

अध्यक्ष दिनेश चौधरीले थारू जातिको पहिचान र रीति, संस्कृति झल्किने घरका नमूना, थारूका पूर्वजले प्रयोग गरेका पहिरन, कृषि उपकरण, खानपानका सामग्री, थारू जातिको कुलदेउताको प्रतिमालगायत प्रदर्शनीका लागि राखिने बताए । पटेर्वासुगौली गापा–२ स्थित भुमरीमाई पार्कलाई पर्यटकीय गन्तव्यको केन्द्र बनाउने योजनाका साथ काम भइरहेको र यसमा थारू सङ्ग्रहालय पनि बनाउने बताए । पार्क परिसरमैं आधुनिक कृषि बजार निर्माणको काम पनि भइरहेको उनले जानकारी दिए ।

शिलान्यास कार्यक्रममा वडाध्यक्ष विजय गैरेलगायतको सहभागिता थियो ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर, सिपालु, सक्षम,योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण सृजना गरौं,
- उनीहरूलाई गाली गर्ने, डर देखाउने, अरूसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
- उनीहरूलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभूति गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# नेरामावि महुवनको पठनपाठन शुरू

प्रस, वीरगंज, ४ जेठ/

सखुवाप्रसौनी गाउँपालिका–५ महुवनस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका विद्यार्थीले शिक्षकमाथि हातपात गरेको विरोधमा नौ दिनदेखि बन्द रहेको विद्यालय बिहीवारदेखि सञ्चालनमा आएको छ ।

विद्यालय प्रशासनले शिक्षकमाथि कुटपिट गर्ने छजना विद्यार्थीलाई कारबाई गरेपछि बिहीवारदेखि पठनपाठन शुरू भएको प्रधानाध्यापक विनोद चौधरीले बताए । बुधवार जनप्रतिनिधि, अभिभावक र शिक्षकबीच भएको बैठकमा उच्छृङ्खल गतिविधि गर्ने विद्यार्थीहरूलाई कारबाईस्वरूप निष्कासित गर्ने निर्णय भएको थियो ।

वैशाख २६ गते शिक्षकहरूमाथि कक्षाकोठामा विद्यार्थीहरूले दुर्व्यवहार गर्नुका साथै हातपात पनि गरेको प्रअ चौधरीले बताए । बाहिर खेलिरहेका विद्यार्थीलाई शिक्षकले कक्षाकोठामा अध्ययनका लागि बोलाउँदा विद्यार्थीहरूको समूहले शिक्षकमाथि दुर्व्यवहार गर्दै हातपात गरेको बताइन्छ ।

सो घटनापछि बुधवारदेखि विद्यालय बन्द भएको थियो । शिक्षकमाथि कुटपिट गर्ने विद्यार्थीमाथि कारबाई नभएसम्म विद्यालय बन्द गर्ने शिक्षकहरूले अडान लिएको प्रअ चौधरीले बताए । शिक्षकका अनुसार सो विद्यालयका केही विद्यार्थीहरूले टोली बनाएर शिक्षकमाथि दुर्व्यवहार गर्दै आएको बताइन्छ ।

गापाध्यक्ष यशवन्त यादवसमेत सहभागी भएको बुधवारको बैठकमा उच्छृङ्खल विद्यार्थीहरूलाई निष्कासित गरेपछि मात्र विद्यालयमा पठनपाठन गर्ने शिक्षकहरूले अडान राखेका थिए ।

# दुर्घटनामा एकजनाको मृत्यु, तीनजना घाइते

प्रस, वीरगंज, ४ जेठ/

पोखरिया नगरपालिका–९ बैरियामा दुईवटा मोटरसाइकल एकापसमा ठोक्किंदा एकजनाको मृत्यु भएको छ भने तीनजना घाइते भएका छन् ।

मधेस प्रदेश ०३–०३१ प ९६७५ नम्बरको मोटरसाइकल र ना.२८प ९४४३ नम्बरको मोटरसाइकल बिहीवार राति ९:३० बजे एकापसमा ठोक्किंदा वीरगंज महानगरपालिका–१९ केहुनिया निवासी २२ वर्षीय इरफान मियाँको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनलाई उपचारका लागि वीरगंज लैजाने क्रममा बाटोमैं मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मधेस प्रदेश ०३–०३१ प ९६७५ नम्बरको मोटरसाइकलमा सवार दुईजनाको नेशनल मेडिकल शिक्षण अस्पतालमा र ना.२८प ९४४३ नम्बरको मोटरसाइकल चालकको नारायणी अस्पताल वीरगंजमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# खेलकूदको संसार

## सुदूरपश्चिम प्रदेश महिला क्रिकेटको फाइनलमा

काठमाडौं, ४ जेठ/रासस

सुदूरपश्चिम प्रदेश ललितपुर मेयर कप राष्ट्रिय महिला टी–२० क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । सुदूरपश्चिमले बाग्मती प्रदेशलाई १०९ रनको फराकिलो अन्तरले पराजित गर्दै प्रतियोगिताको फाइनलमा प्रवेश गरेको हो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शुक्रवार भएको खेलमा सुदूरपश्चिमले प्रस्तुत गरेको १५८ रनको लक्ष्य पछ्याएको बाग्मतीले १६ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ४८ रनमा समेटियो । जीतसँगै चार खेलमा छ अङ्क जोड्दै सुदूरपश्चिम दोस्रो स्थानमा रहँदै फाइनलमा पुगेको हो । पराजित बाग्मती प्रदेश समान खेलबाट दुई अङ्क जोड्दै प्रतियोगिताबाट बाहिरियो ।

बाग्मतीका लागि करिश्मा गुरुङले १६ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । कञ्चन श्रेष्ठले सात, विपिशा शाहीले चार तथा सोनी पाख्रिनले तीन रन जोडे ।

बाग्मतीलाई सस्तैमा समेट्नेक्रममा सुदूरपश्चिमकी ऋतु कनोजियाले तीन विकेट लिइन् भने कविता जोशी र लक्ष्मी साउदले समान दुई/दुई विकेट लिए । त्यस्तै, कप्तान बिन्दु रावल र करिश्मा थापाले समान एक/एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा दुई विकेट गुमाएर १५७ रनको योगफल बनाएको थियो ।

सुदूरपश्चिमका लागि सम्झना खड्काले सर्वाधिक ७४ रनको योगदान दिइन् । उनले ४७ बलमा १० चौकाको मदतले अविजित ७४ रनको योगदान दिएकी हुन् । त्यस्तै, रूबी पोदार र बिन्दु रावलले समान २८/२८ रन बनाए भने कविता जोशीले अविजित २० रन बनाएकी थिइन् ।

बाग्मतीका लागि करिश्मा गुरुङले एक विकेट लिइन् । यो जीतसँगै सुदूरपश्चिमले उपाधिका लागि अब नेपाल एपिएफ क्लबसँग प्रतिस्पर्धा गर्नेछ । फाइनल खेल भोलि हुनेछ ।

## भलिबल खेलाडीलाई सेनाको सहयोग

महेन्द्रनगर (कञ्चनपुर), ४ जेठ/रासस

नेपाली सेनाले भलिबल खेलाडीहरूलाई सहयोग गरेको छ । कञ्चनपुरको महेन्द्रनगरस्थित भलिबल प्रशिक्षण केन्द्रमा आश्रित सुदूरपश्चिमका विभिन्न जिल्लाका खेलाडीलाई सेनाले खाद्यान्नलगायत सामग्री सहयोग गरेको हो ।



कञ्चनपुर जिल्ला भलिबल सङ्घले लामो समयदेखि खेलाडी एकत्रित गरेर यहाँस्थित प्रशिक्षण केन्द्रमा भलिबलको अभ्यास तथा उनीहरूलाई पढ्न सहयोग गर्दै आएको छ । खेलाडीको नियमित प्रशिक्षणका दौरान उनीहरूको खानपिनको व्यवस्थापनमा सहयोग पुगोस् भन्ने उद्देश्यले यहाँस्थित सेनाको श्री नं २५ वाहिनी अड्डा भगतपुर ब्यारेक, रुद्रध्वज गण र श्रीदल गुल्मले चामल, तेल, मसला, बिस्कुटलगायतका सामाग्री सहयोग हो ।

श्री नं २५ वाहिनी अड्डाका वाहिनीपति सहायकरथी मनोज थापाले उक्त सामग्री भलिबल प्रशिक्षक जगदीशप्रसाद भट्टलाई हस्तान्तरण गरेका थिए । सो अवसरमा वाहिनीपति सहायकरथी थापाले खेलाडीलाई अनुशासित, लगनशील र मेहनतका साथ प्रशिक्षणमा लगाव राख्न तथा भलिबल खेलमार्फत विश्वभर नेपाललाई चिनाउन सफल हुने विश्वास व्यक्त गरे ।

नेपाली सेनाले यसअघि भलिबल प्रशिक्षण केन्द्रको भवन निर्माणदेखि विभिन्न प्रतियोगितामा समेत सहयोग र सहकार्य गर्दै आएको भलिबल प्रशिक्षक भट्टले बताए । हाल प्रशिक्षण केन्द्रमा झन्डै एक सयको हाराहारीमा खेलाडी प्रशिक्षणरत छन् । १५ खेलाडी प्रशिक्षण केन्द्रमैं बसेर अध्ययन तथा भलिबलको अभ्यास गर्दै आएका छन् ।

# चार महिलासहित १९ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ४ जेठ/

विद्यार्थी जनमत सङ्घ ठाकुर राम बहुमुखी क्याम्पस एकाइको आयोजनामा शुक्रवार सम्पन्न रक्तदान कार्यक्रममा चारजना महिलासहित १९ जनाले रक्तदान गरेका छन् ।

एकाइ अध्यक्ष अभिषेक झाको अध्यक्षतामा भएको कार्यक्रमको जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफले रक्तदान गरेर शुभारम्भ गरेका थिए । कार्यक्रममा सीता थापा, प्रमिला श्रेष्ठ, मोहन चौधरी, लालदेव यादव, आनन्द कानू, साक्षी श्रीवास्तव, सञ्जुकुमारी कुशवाहा, सञ्जय सिंह, रोहित पटेल, सुजित केशरी, अभिषेक झालगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।




**वर्तमान ...**

जिल्ला र मधेसको विकासमा ध्यान दिन सुझाव दिए ।

गापा अध्यक्ष विनोद जयसवालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुमित सिंहले स्वागत गरेका थिए ।

प्रस, पंचगावाँ/

यसैगरी, एमाले अध्यक्ष ओलीले शुक्रवार सखुवाप्रसौनी गाउँपालिकाले निर्माण गरेको छात्रावासको उद्घाटन गरेका छन् । सखुवाप्रसौनी गापा–२ श्रीपुर पंचगावाँस्थित दीपनारायण आदर्श नमूना माविमा नवनिर्मित छात्रावासको अध्यक्ष ओलीले उद्घाटन गरेका हुन् । कार्यक्रम गापा अध्यक्ष यशवन्त यादवको अध्यक्षतामा भएको थियो ।

प्रस, वीरगंज/

यसैगरी, एमाले अध्यक्ष ओलीले शुक्रवार नवनिर्वाचित एमाले पर्सा जिल्ला कमिटीका पदाधिकारी सदस्यहरूलाई शपथग्रहण गराएका छन् । नगर सभागृहमा उनले एमाले पर्साको नवौं अधिवेशनबाट निर्वाचित अध्यक्ष डा विश्वम्भर शर्मा, उपाध्यक्ष मनोज गुप्ता, सचिव महेश दास, उपसचिव नबिजान मियाँ, सीता लामालगायत १३२ सदस्यीय कार्यसमिति सदस्यहरूलाई शपथग्रहण गराएका थिए ।

# विष्णु महायज्ञको समापन



प्रस, पोखरिया, ४ जेठ/

पोखरिया नगरपालिका–४ मा वैशाख २८ गतेदेखि सञ्चालित विष्णु महायज्ञ शुक्रवार जेठ ४ गते पूर्णाहुति दिएर समापन भएको छ ।

विश्व शान्तिसहित देश र समाज शान्तिको लागि महायज्ञ आयोजना गरिएको महायज्ञ समितिका संयोजक एवं वडाध्यक्ष लक्ष्मणसाह कानूले बताए । उनले आज पूर्णाहुति दिएर महायज्ञको समापन भएको जानकारी गराए ।

महायज्ञमा अयोध्याका रामप्रसाद गर्गको नेतृत्वमा १४ जना ब्राह्मणको टोलीले वैशाख २८ गतेदेखि आजसम्म पूजा गरेका थिए ।

महायज्ञको वेदीमा सातजना दलितसहित २५ जना सहभागी भएका थिए ।